# पाठ्यवस्तु समायोजन ढाँचा, २०७७

## १. पृष्ठभूमि

कोभिड १९ को सङ्क्रमणको कारण विद्यालयमा प्रत्यक्ष साक्षत्कार कक्षा हुन नसकी सिकाइ प्रणाली अवरुद्ध रहेको साथै यसको प्रभाव लामो समयसम्म रहन सक्ने अवस्थामा सिकाइ प्रणालीलाई सुचारु राख्न, विद्यार्थीको शैक्षिक वर्षको क्षति हुन नदिन र वैकल्पिक उपायको अवलम्बन गर्न विद्यार्थीमा पाठ्यक्रमले तोकेका न्यूनतम  सिकाइ उपलब्धिहरू हासिल हुने गरी विद्यालय जाने उमेरका बालबालिकालाई आफ्नो परिवेशअनुकूल सिक्ने वातावरण सिर्जना गर्नु आवश्यक देखिएको छ। प्रत्यक्ष कक्षा सञ्चालन हुन सक्ने अवस्था हुँदा तथा नहुँदा समेत शैक्षिक वर्ष २०७७ को बाँकी अवधिमा निर्धारित पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गरेर मात्र सिकाइ उपलब्धि सुनिश्चित गर्न सकिने अवस्था देखिएको छ। यस अवस्थामा दूर तथा खुला शिक्षालगायतका प्रणालीलाई सिकाइ सहजीकरणको मूल प्रणालीका रूपमा लागु गरी  नियमित विद्यालय सञ्चालन हुन सक्ने अवस्थामा समेत यस प्रणालीलाई पूरक वा समानान्तर प्रणालीका रूपमा प्रयोग गर्नसमेत मौजुदा पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गर्नुपर्ने आवश्यकता देखिएको छ। यस परिदृश्यमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७७ /५/११ को निर्णय तथा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ को दफा १० अनुसार यो **पाठ्यवस्तु समायोजन ढाँचा, २०७७** विकास गरिएको छ।

## २. उद्देश्य

यस ढाँचाको उद्देश्य निम्नानुसार रहेको छ :

(क) विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित हुने गरी विद्यार्थीको सिकाइलाई निरन्तरता दिनु

(ख) पाठ्यक्रमका पाठ्यवस्तु समायोजन हुँदा प्रयोग गर्न सकिने सिकाइ सहजीकरण विधि र सिकाइ उपलब्धिको मूल्याङ्कनका उपाय सुझाउनु

## ३. पाठ्यवस्तु समायोजनका आधार

पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गर्दा विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि हासिल हुने पक्षलाई प्राथमिकतामा राख्नुपर्छ। मौजुदा पाठ्यक्रमले कक्षा १-३ का लागि वार्षिक ८३२ कार्यघण्टा  र कक्षा ४-१० का लागि वार्षिक १०२४ कार्यघण्टा सिकाइ अवधि निर्धारण गरेको छ।शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसार २०७७ असार १ गतेबाट वैकल्पिक सिकाइलाई निरन्तरता दिइएको छ तर यसबाट विद्यालय तहका सबै बालबालिका लाभान्वित हुन सकेका छैनन्। सङ्क्रमणको अवस्थामा नै विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार २०७७ असोज १ गतेबाट सिकाइलाई निरन्तरता दिन सकियो भने पनि कक्षा १-३ मा वार्षिक ६९० कार्यघण्टा  र कक्षा ४-१० मा वार्षिक ८४८ कार्यघण्टा मात्र सिकाइ हुन सक्ने अवस्था सिर्जना भएको छ। यस अवस्थामा प्रत्यक्ष साक्षात्कार

सिकाइबाहेकको वैकल्पिक सिकाइलाई निरन्तरता दिँदै शिक्षकको सहजीकरणमा सिकाइ गर्नुपर्ने मुख्य पाठ्यवस्तु (Core Content)र शिक्षकको निर्देशनमार विद्यार्थीको आफ्नै प्रयासमा  सिकाइ हुन सक्ने(sub-core content)निर्धारण गरी पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गर्नुपरेको हो ।

पाठ्यक्रमका पाठ्यवस्तुको समायोजन गर्न सम्बन्धित विषय शिक्षण गर्ने विषय शिक्षक र पाठ्यक्रमका विज्ञको विशेष भूमिका हुन्छ। पाठ्यवस्तु समायोजन ढाँचा विकास गर्नका लागि सम्बन्धित विषय समिति र विषय शिक्षकहरूले महत्त्वपूर्ण सल्लाह प्रदान गर्नुभएको छ। पाठ्यक्रमका पाठ्यवस्तु समायोजनका लागि निम्नानुसारका आधार लिइएको छ :

(क) **एकीकरण (Integration)** : एकीकरण पाठ्यक्रमका मिल्दाजुल्दा पाठ्यवस्तु एवम् सिकाइ उपलब्धिलाई एकै पटक सिकाउने गरी पाठ्यक्रमका पाठ्यवस्तु समायोजन गर्ने तरिका हो।  यसमा कुनै विषयमा पटकपटक दोहोरिने वा सिकाइमा सामान्य स्तरीकरण मात्र भई सिकिसकेको पाठ्यवस्तुलाई थप स्थायित्व दिन अभ्यास गरिने प्रकृतिका सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई एकै पटक शिक्षण गर्ने गरी विभिन्न पाठका पाठ्यवस्तु वा सम्भव भए विभिन्न विषयका पाठ्यवस्तु एकैसाथ शिक्षण गरी सिकाइ उपलब्धि पूरा गरिन्छ। जस्तै : एउटा एकाइमा प्राकृतिक विपत् र अर्को एकाइमा मानवसिर्जित विपत् भएमा एकै पटक सिकाउने। सामाजिक शिक्षा, भूगोल र विज्ञानमा भूकम्प भन्ने विषय भए सबै शिक्षकको सल्लाहमा पाठयोजना बनाई एकै पटक कुनै एक शिक्षकले शिक्षण गर्ने

(ख) **समूहीकरण (Clusterization)**: यसमा सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई समूहमा विभाजन गरिन्छ र एउटा समूहका सबै पाठ्यवस्तुलाई एकैसाथ शिक्षण गरिन्छ। यसो गर्दा दोहोरिने क्रियाकलाप गराउने समय बचत हुन्छ र पाठ्यवस्तुको द्रुत सिकाइ पनि हुन सक्छ।  जस्तैः कविता विधाका पाठ एकै पटक शिक्षण गर्ने गरी सिकाइ उपलब्धि र विषय क्षेत्रको समूह बनाउने

(ग) **प्राथमिकीकरण (Prioritization)** : यसमा सिकाइका लागि शिक्षकको प्रत्यक्ष सहजीकरण आवश्यक पर्ने र शिक्षकको निर्देशनमा विद्यार्थी आफैँले गर्न सक्ने गरी सिकाइ उपलब्धि तथा पाठ्यवस्तुको प्राथमिकीकरण गरिन्छ। यसरी पाठ्यवस्तु समायोजन गर्दा जुन सिकाइ उपलब्धि पूरा नभई अन्य सिकाइ उपलब्धि पूरा गर्न सकिँदैन त्यसलाई न्यूनतम सिकाइ उपलब्धि मानिन्छ र पहिलो प्राथमिकतामा राखिन्छ। एकपटक सिकिसकेको सिकाइ उपलब्धि बारम्बार दोहोरिएमा त्यसलाई एकपटक मात्र सिकाएर सोसम्बन्धी अन्य कार्यकलाप विद्यालयबाहिर पढेर, सुनेर, हेरेर र गरेर सिक्ने वातावरण बनाइन्छ भने प्रयोगात्मक कार्यका लागि विद्यायलयहरूले विद्यार्थीले घरमै बसेर गर्न सक्ने कार्यहरू छनोटमा जोड दिनुपर्छ। पाठ्यवस्तुको प्राथमिकीकरण गर्दा तल्लो कक्षामा सिकिसकेका, अभिभावक, दाजुदिदी र माथिल्ला कक्षाका विद्यार्थीबाट सिक्न सक्ने, शिक्षकको निर्देशनमा आफैँ सिक्न सक्ने, इन्टरनेट, सञ्चार माध्यम र सामाजिक सञ्जालबाट सिक्न सक्ने र पाठ्यपुस्तक र पुस्तकालयबाट सिक्न सक्ने सिकाइ उपलब्धि र पाठ्यवस्तुलाई दोस्रो प्राथमिकतामा राखी सिकाइलाई निरन्तरता दिइन्छ ।

## ४. पाठ्यवस्तु समायोजन ढाँचा

कोभिड १९ को सङ्क्रमणको अवस्थामा सङ्क्रमणबाट सुरक्षित रही गृह शिक्षा वा घरैमा बसेर गरिने सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षाका माध्यम तथा समय परिस्थिति र महामारीको अवस्थाअनुसार प्रत्यक्ष सिकाइका माध्यमबाट न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न सकिने गरी आधारभूत र माध्यमिक तहको (कक्षा १–१०) पाठ्यक्रमका सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई तहगत र विषयगत रूपमा निम्नानुसार समायोजन गरी सिकाइ कार्यकलापलाई निरन्तरता दिने योजना बनाइएको छ :

### ४.१ नेपाली

**कक्षा ४-५**

कक्षा ४ र ५ मा सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले निम्नअनुसारका निर्देशनमा आधारित रही शिक्षण गर्नुहोस् :

| क्र.स | सिकाइ क्षेत्र | विशिष्ट सिकाइ क्षेत्र | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु |
|---|---|---|---|---|
| १ | कविता | १. सुनाइ<br>२. बोलाइ<br>३. पढाइ<br>४. लेखाइ<br>५. शब्दभण्डार<br>६. कार्यमूलक व्याकरण | १. शिक्षकले पाठ्यपुस्तकमा रहेका पाँचओटा कवितामध्ये चारओटा कवितालाई सहजीकरण गर्ने<br>२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक व्याकरणका सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चित हुने गरी उक्त भाषिक क्षेत्रको अनिवार्य रूपमा शिक्षण गर्नुपर्ने<br>३. विद्यार्थी स्वयम्ले सिकेका सिकाइको शिक्षकले जानकारी लिई | १. शिक्षकले गराएका क्रियाकलापलाई नमुनाको रूपमा लिई बाँकी कविताका पाठलाई विद्यार्थी स्वयम्ले वा अभिभावकको सहयोगमा विद्यार्थीले घरैमा सिक्ने क्रियाकलापका रूपमा उपयोग गर्ने<br>२.विद्यार्थी स्वयम्ले गरेका कार्यको शिक्षकलाई जानकारी गराई पृष्ठपोषण लिने |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक पृष्ठपोषण दिने | |
| २. | कथा | १. सुनाइ<br>२. बोलाइ<br>३. पढाइ<br>४. लेखाइ<br>५. शब्दभण्डार<br>६. कार्यमूलक व्याकरण | १. शिक्षकले पाठ्यपुस्तकमा रहेका पाँचओटा कथामध्ये चारओटा<br>कथालाई सहजीकरण गर्ने<br>२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक<br>व्याकरणका सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चित हुने गरी उक्त भाषिक क्षेत्रको अनिवार्य रूपमा शिक्षण गर्नुपर्ने<br>३. विद्यार्थी स्वयम्ले सिकेका सिकाइको शिक्षकले जानकारी लिई<br>आवश्यक पृष्ठपोषण दिने | १. शिक्षकले गराएका क्रियाकलापलाई नमुनाको रूपमा लिई<br>बाँकी कथाका पाठलाई विद्यार्थी स्वयम्ले वा अभिभावकको सहयोगमा विद्यार्थीले घरैमा सिक्ने क्रियाकलापका रूपमा उपयोग गर्ने<br>२.विद्यार्थी स्वयम्ले गरेका कार्यको शिक्षकलाई जानकारी गराई<br>पृष्ठपोषण लिने |
| ३. | प्रबन्ध | १. सुनाइ<br>२. बोलाइ<br>३. पढाइ<br>४. लेखाइ<br>५. शब्दभण्डार<br>६. कार्यमूलक व्याकरण | १. शिक्षकले पाठ्यपुस्तकमा रहेका चारओटा प्रबन्धमध्ये तीनओटा<br>प्रबन्धलाई सहजीकरण गर्ने<br>२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक<br>व्याकरणका सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चित हुने गरी उक्त भाषिक क्षेत्रको अनिवार्य रूपमा शिक्षण गर्नुपर्ने | १. शिक्षकले गराएका क्रियाकलापलाई नमुनाको रूपमा लिई<br>बाँकी प्रबन्धका पाठलाई विद्यार्थी स्वयम्ले वा अभिभावकको सहयोगमा विद्यार्थीले घरैमा सिक्ने क्रियाकलापका रूपमा उपयोग गर्ने<br>२.विद्यार्थी स्वयम्ले गरेका कार्यको शिक्षकलाई जानकारी गराई<br>पृष्ठपोषण लिने |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. विद्यार्थी स्वयम्ले सिकेका सिकाइको शिक्षकले जानकारी लिई<br>आवश्यक पृष्ठपोषण दिने | |
| ४. | संवाद | १. सुनाइ<br>२. बोलाइ<br>३. पढाइ<br>४. लेखाइ<br>५. शब्दभण्डार<br>६. कार्यमूलक व्याकरण | १. शिक्षकले पाठ्यपुस्तकमा रहेका चारओटा संवादमध्ये तीनओटा<br>संवादलाई सहजीकरण गर्ने<br>२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक<br>व्याकरणका सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चित हुने गरी उक्त भाषिक क्षेत्रको अनिवार्य रूपमा शिक्षण गर्नुपर्ने<br>३. विद्यार्थी स्वयम्ले सिकेका सिकाइको शिक्षकले जानकारी लिई<br>आवश्यक पृष्ठपोषण दिने | १. शिक्षकले गराएका क्रियाकलापलाई नमुनाको रूपमा लिई<br>बाँकी संवादका पाठलाई विद्यार्थी स्वयम्ले वा अभिभावकको सहयोगमा विद्यार्थीले घरैमा सिक्ने क्रियाकलापका रूपमा उपयोग गर्ने<br>२.विद्यार्थी स्वयम्ले गरेका कार्यको शिक्षकलाई जानकारी गराई<br>पृष्ठपोषण लिने |
| ५. | जीवनी | १. सुनाइ<br>२. बोलाइ<br>३. पढाइ<br>४. लेखाइ<br>५. शब्दभण्डार<br>६. कार्यमूलक व्याकरण | १. शिक्षकले पाठ्यपुस्तकमा रहेको जीवनीलाई सहजीकरण गर्ने<br>२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक<br>व्याकरणका सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चित हुने गरी उक्त भाषिक क्षेत्रको अनिवार्य | १. शिक्षकले गराएका क्रियाकलापलाई नमुनाको रूपमा लिई<br>आफ्नो समुदायका प्रतिष्ठित व्यक्तिको जीवनी विद्यार्थीले स्वयम वा अभिभावकको सहयोगमा लेखन अभ्यास गर्ने<br>२.विद्यार्थी स्वयम्ले गरेका कार्यको शिक्षकलाई जानकारी गराई |

| | | | | |
|---|---|---|---|---|
| | | | रूपमा शिक्षण गर्नुपर्ने<br>३. विद्यार्थी स्वयम्ले सिकेका सिकाइको शिक्षकले जानकारी लिई<br>आवश्यक पृष्ठपोषण दिने | पृष्ठपोषण लिने |
| ६ | व्यावहारिक लेखन | १. सुनाइ<br>२. बोलाइ<br>३. पढाइ<br>४. लेखाइ<br>५. शब्दभण्डार<br>६. कार्यमूलक व्याकरण | १. शिक्षकले पाठ्यपुस्तकमा रहेका दुईओटा व्यावहारिक लेखनमध्ये एकओटा व्यावहारिक लेखनलाई सहजीकरण गर्ने<br>२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक<br>व्याकरणका सिकाइ उपलब्धि प्राप्तिको सुनिश्चित हुने गरी उक्त भाषिक क्षेत्रको अनिवार्य रूपमा शिक्षण गर्नुपर्ने<br>३. विद्यार्थी स्वयम्ले सिकेका सिकाइको शिक्षकले जानकारी लिई<br>आवश्यक पृष्ठपोषण दिने | १. शिक्षकले गराएका क्रियाकलापलाई नमुनाको रूपमा लिई<br>बाँकी व्यावहारिक लेखनका पाठलाई विद्यार्थी स्वयम्ले वा अभिभावकको सहयोगमा विद्यार्थीले घरैमा सिक्ने क्रियाकलापका रूपमा उपयोग गर्ने<br>२.विद्यार्थी स्वयम्ले गरेका कार्यको शिक्षकलाई जानकारी गराई<br>पृष्ठपोषण लिने |

**द्रष्टव्य:**

१. कक्षा ४ र ५ को पाठ्यक्रम भाषिक सिपलाई मुख्य सिकाइ क्षेत्र मानी सिकास गरिए पनि पाठ्यपुस्तकमा विधाका माध्यमद्वारा भाषिक सिपको सिकाइ सहजीकरण गर्नुहोस् । शिक्षकले सिकाइ सहजीकरण गर्दा विधागत प्रतिनिधिमूलक पाठलाइ सिप सिकाइका माध्यमका रूपमा लिई शिक्षण गर्नुहोस् र विधागत अन्य पाठलाई सोही नमुनाका आधारमा विद्यार्थीलाई अभ्यास गर्न निर्देशन दिने र शिक्षकको निर्देशनमा विद्यार्थीलाई स्वअध्ययनका आधारमा सिकाइ गर्न अभिप्रेरित गर्दा उनीहरूका कार्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२. शब्दभण्डार, वर्णविन्यास, चिह्न प्रयोग र कार्यमूलक व्याकरणको सिकाइ उपलब्धि प्राप्ति हुने गरी अनिवार्य रूपमा शिक्षण गर्नुहोस् । यी क्षेत्रको शिक्षण गर्दा कक्षाकार्यका साथै स्वसिकाइ अभ्यासका लागि पनि आवश्यक निर्देशन दिनुहोस् र सिकाइको सुनिश्चित गर्नुहोस् ।

३. विद्यार्थीलाई स्वसिकाइका क्रियाकलाप गराउँदा अनलाइन सिकाइ, सम्भव भएसम्म अभिभावक तथा स्थानीय विज्ञ तथा माथिल्ला कक्षाका विद्यार्थीहरूको सहयोगी सिकाइ, परियोजना कार्य, गृहकार्य, सिर्जनात्मक कार्य, सामाजिक सञ्जालमार्फतको सिकाइ र कार्यमा आधारित सिकाइ विधिको उपयोग गर्नुहोस् ।

४. सुनाइ र बोलाइ क्रियाकलापका लागि रेडियो र टेलिभिजन सुनेर मुख्य विषयवस्तु टिप्न, घरमा अभिभावकसँग निश्चित विषयमा कुराकानी गर्न निर्देशन दिई स्वअभ्याससम्बद्ध क्रियाकलापमा उत्प्रेरित गर्नुहोस् । पढाइ क्रियाकलापका क्रममा तल्ला कक्षामा निर्देशित र स्वतन्त्र पढाइ र माथिल्लो कक्षामा स्वतन्त्र पढाइसम्बद्ध क्रियाकलाप गराउनुहोस् । लेखाइ क्रियाकलापका लागि निर्देशित र स्वतन्त्र दुवै अभ्यास गर्न लगाई शिक्षकले पृष्ठपोषणसमेत गरिदिने कुराको सुनिश्चित गर्नुहोस् ।

५. विद्यार्थीले गरेका कार्यको शिक्षकले परीक्षण गरी आवश्यकताअनुसार पृष्ठपोषण, सहजीकरण र अभिलेखीकरण गर्नुहोस् ।

६. कक्षा ४ को सिकाइ सहजीकरणका लागि कक्षा ५ का आधारलाई नै उपयोग गर्नुहोस् ।

## ४.२ अङ्ग्रेजी

The curricular outcomes can be achieved through various activities done in or outside the classroom. As the same curricular outcome can be represented in various contents as presentation, consolidation and production stages, the contents in the curriculum can be in sync with the learning outcomes. Those contents similar or designed for the fulfillment of the same learning outcome can be adjusted. In the context of Covid-19 pandemic, the curricular contents of English subject have been adjusted for the convenience of teachers and students.

### a. Basic Level (Grade 4-5)

The major focus of Grade 4-5 English curriculum is on language skills viz, listening, speaking, reading and writing. In these Grades, children are expected to use English effectively in a limited set of situations. So, these language skills are dealt in a number of language functions. Hence, the tables below suggest the indispensable contents the teacher has to deal with for the accomplishment of the learning achievements and the tasks that the students can do themselves:

**Grade 4**

| **Curricular contents the teacher has to deal (with curriculum and textbook defined task)** | **Self-study tasks from the textbook** |
|---|---|
| **Listening**<br>a. To order, match or correct pictures from verbal text.<br>b. To draw pictures of scenes with greater range.<br>c. To follow directions on a map (simple).<br>d. To identify ordinal numbers.<br>e. To respond correctly to a range of questions statements and commands.<br>f. To extract specific information from text with more redundant information.<br>g. To understand and enjoy stories, and retell simply.<br>h. To correct wrong words in a repeated verbal text, or well-known story.<br>**Speaking**<br>a. To warn, express surprise, use ordinal numbers, give directions, express likes and dislikes, knowledge and obligations.<br>b. To talk about habits using times and frequency.<br>c. To narrate events in the past and ask questions.<br>d. To correct mistakes.<br>e. To link ideas to make longer sentences.<br>f. To ask and answer about countable and | 1. Unit 1 (5. Fun with vocabulary: A and B)<br>2. Unit 2 (8. Look and write, 9. Fun with spelling)<br>3. Unit 3 (4. Write about yourself, 8. Choose the correct words from the brackets)<br>4. Unit 4 (2. Find the number puzzle, 8. Look and match, 9. Fun with spelling, 11. Write)<br>5. Unit 5 (9. Fun with spelling)<br>6. Unit 6 (6. Fun with spelling)<br>7. Unit 7 (5. Match the sentences with the correct pictures, 11. Fun with writing)<br>8. Unit 8 (4. Find the words and encircle them, 7. Fun with vocabulary, 8. Fun with spelling)<br>9. Unit 9 (4. Write the opposite of these words in the crossword, 7. Fun with vocabulary)<br>10. Unit 10 (9. Fun with spelling, 10. B Make sentences) |

| | |
|---|---|
| uncountable nouns.<br>g. To ask and answer using range of Wh questions.<br>**Reading**<br>a. To read simple non-fiction and extract information.<br>b. To do wide range of word recognition activities and puzzles.<br>c. To read time-tables.<br>d. To read all language used orally.<br>e. To read range of stories silently and to related activities.<br>f. To read chants, rhymes, poems.<br>g. To read and follow instructions.<br>**Writing**<br>a. To do harder word puzzles and activities.<br>b. To complete match, order, choose, and compose sentences.<br>c. To write instructions.<br>d. To write chart from text.<br>e. To write answers.<br>f. To write simple letters.<br>g. To describe people, places and events. | 11. Unit 11 (5. Fun with punctuation, 6. Fun with grammar) |

**Grade 5**

| **Curricular contents the teacher has to deal (with curriculum and textbook defined task)** | **Self-study tasks from the textbook** |
|---|---|

| | |
|---|---|
| **Listening**<br>a. To order, match, correct pictures from verbal text.<br>b. To draw pictures including variety of locations.<br>c. To follow directions on a map.<br>d. To extract times, prices, days, months, menu items from variety of verbal texts.<br>e. To understand and enjoy stories.<br>f. To correct mistakes in spoken text<br>**Speaking**<br>a. To express wants, and reasons.<br>b. To ask and answer about the future.<br>c. To describe possession, location, months, seasons, times, menus quantities, properties of objects or people.<br>d. To narrate a series of events.<br>e. To remind.<br>f. To confirm using negative tags and answer correctly.<br>**Reading**<br>a. To interpret simple diagrams, maps, graphs and charts.<br>b. To read simple non-fiction texts and extract information.<br>c. To do word puzzles and activities.<br>d. To read all language used orally.<br>e. To read longer stories and do activities. | 1. Unit 1 (7. Spelling, 9. Word power)<br>2. Unit 2 (7. Spelling, 9. Word power, 12. Read and write)<br>3. Unit 3 (8. Look and write)<br>4. Unit 4 (7. Grammar)<br>5. Unit 5 (6. Word power, 8. Spelling)<br>6. Unit 6 (6. Word power, 8. Spelling)<br>7. Unit 7 (6. Word power, 7. B. Make as many questions as you can from the table, 8. Spelling)<br>8. Unit 8 (6. Word power, 8. Spelling)<br>9. Unit 9 (6. Word power, 8. Spelling)<br>10. Unit 10 (7. Grammar, 8. Spelling)<br>11. Unit 11 (6. Word power)<br>12. Unit 12 (6. Word power 8. Read and act) |

| | |
|---|---|
| f. To read and follow harder instructions.<br>g. To skim texts to answer specific questions or find words.<br>**Writing**<br>a. To do large range of word puzzles.<br>b. To write short personal letters and envelopes.<br>c. To order, match, complete or manipulate material to write good sentences.<br>d. To write sentences independently.<br>e. To give written responses to texts they have read. | |

## ४.३ गणित

*(क) कक्षा ४*

| **क्षेत्र** | **प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु** | **शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु** |
|---|---|---|
| १. ज्यामिति | ठोस आकृतिका वस्तुहरूमा शीर्षबिन्दु, किनारा र सतह<br>१. $0^0$-$180^0$का कोणहरू (१००/१०० को फरकमा) | समकोणका आधारमा न्यूनकोण र अधिककोण |
| २. सङ्ख्याको ज्ञान | १. हिन्दु अरेबिक अङ्क प्रयोग गरी करोडसम्मका सङ्ख्या गन्ती (अङ्क र अक्षरमा) तथा ती सङ्ख्याको अङ्कहरूको स्थानमान<br>२. १ देखि ९९९ सम्मको सङ्ख्या | १ देखि ९९ सम्मका सङ्ख्याहरूको रूढ गुणन खण्ड (Prime factor) विधिद्वारा गुणनखण्ड |

| | | |
|---|---|---|
| | नजिकको सयमा शून्यान्त<br>३. १ देखि ५० सम्मका रूढ (Prime) र संयुक्त (Composite) सङ्ख्या | |
| ३. गणितका आधारभूत क्रियाहरू<br>३ (क) घटाउ | ६ अङ्कसम्मले बनेका सङ्ख्याको घटाउ | ६ अङ्कसम्मले बनेका सङ्ख्याको घटाउसम्बन्धी व्यावहारिक समस्याहरू |
| ३ (ख) गुणन | तीन वा सोभन्दा बढी अङ्कको सङ्ख्यालाई तीन अङ्कसम्मको सङ्ख्याले गुणन | गुणनसम्बन्धी सरल व्यावहारिक समस्याहरू |
| ३ (ग) भाग | पा“च अङ्कसम्मको सङ्ख्यालाई तीन अङ्कसम्मको सङ्ख्याले भाग | भागसम्बन्धी सरल व्यावहारिक समस्याहरू |
| ३ (घ) विविध | जोड र घटाउसम्बन्धी मिश्रित सरल व्यावहारिक समस्याहरू | जोड र घटाउसम्बन्धी (+, - र( )प्रयोग भएका तर( )भित्र ऋणात्मक सङ्ख्या नआउने समस्याहरू |
| ४. समय, मुद्रा र नापतौल<br>४ (क) समय | समयका एकाइहरू एकअर्कामा रूपान्तर<br>वर्षलाई दिनमा रूपान्तर<br>सेकेन्ड र मिनेटको सम्बन्ध<br>मिनेट र घण्टा, घण्टा र दिन, दिन र महिना, महिना र वर्षसम्बन्धी जोड तथा घटाउ क्रिया मात्र भएका व्यावहारिक समस्याहरू | |
| ४ (ख) मुद्रा | रुपियाँ तथा पैसाको जोड र घटाउ<br>रुपियाँ र पैसासम्बन्धी जोड र घटाउका सामान्य व्यावहारिक समस्याहरू | **१. रुपियाँ तथा पैसाको गुणन र सरल भाग (रुपियाँ र पैसा दुवैलाई नि:शेष भाग गर्ने)** |

| | | |
|---|---|---|
| | | **२. रुपियाँ र पैसासम्बन्धी, गुणन र भागका सामान्य व्यावहारिक समस्याहरू** |
| ४ (ग) दुरी | सेन्टिमिटरलाई मिलिमिटरमा, मिलिमिटरलाई सेन्टिमिटरमा तथा किलोमिटरलाई मिटरमा रूपान्तर<br>सेन्टिमिटर र मिटर, मिटर र कि.मि. सम्बन्धी व्यावहारिक समस्याहरू (जोड र घटाउ मात्र)<br>विद्यालय वरिपरि भएका वस्तुहरूको लम्बाइ र ठाउँको दुरी अन्दाज | |
| ४ (घ) परिमिति | आयताकार आकृतिको लम्बाइ र चौडाइबाट त्यसको परिमिति | |
| ४ (ङ) क्षेत्रफल | आयताकार आकृतिको लम्बाइ र चौडाइसँग क्षेत्रफलको सम्बन्ध (कोठा गन्ने तरिकाबाट) | |
| ४. (च) क्षमता | लिटर र मिलिलिटरलाई आपसमा रूपान्तर<br>लिटर र मिलिलिटरको जोड र घटाउ तथा तत्सम्बन्धी सरल व्यावहारिक समस्याहरू<br>विभिन्न वस्तुको क्षमता अन्दाज | |
| ४ (छ) आयतन | | १. षड्मुखा(Cuboids)को लम्बाइ, चौडाइ र उचाइ तथा त्यसको आयतनसँगको सम्बन्ध (Blockहरू गन्ने तरिकाबाट) |
| ४ (ज) तौल | कि.ग्रा. र ग्रामलाई आपसमा रूपान्तर | |

| | | |
|---|---|---|
| | ग्राम र कि.ग्रा. को जोड तथा घटाउ<br>जोड र घटाउ भएका सरल व्यावहारिक समस्याहरू | |
| ५. भिन्न, दशमलव, प्रतिशत, ऐकिक नियम र साधारण व्याज ५ (क) भिन्न | मिश्रित सङ्ख्याहरूको जोड, घटाउ (समान हर भएका)<br>असमान हर भएका भिन्नलाई समान हरमा बदल्न र ठुलो वा सानो छुट्याउन । (दुईओटा भिन्न समावेश भएका समस्याहरूमात्र) | |
| ५ (ख) दशमलव | दशमलव सङ्ख्या र भिन्नलाई एक आपसमा रूपान्तर (दशमलवको दुई स्थानसम्म) | दशमलव सङ्ख्याको दुई स्थानसम्म (स्थान मिलेको) जोड र घटाउ |
| ५ (ग) प्रतिशत | प्रतिशतको परिचय<br>भिन्नलाई प्रतिशतमा बदल्ने | |
| ५ (घ) ऐकिक नियम र साधारण व्याज | | उस्तै वस्तुको समूहको मानको आधारमा एकाइको मान<br>ऐकिक नियमका सरल व्यावहारिक समस्या |
| ६. विल र बजेट | | बिल हेरी सूचना |
| ७. तथ्याङ्क | घर वा कक्षाबाट उमेर, उचाइ, जनावरको सङ्ख्या, किताबको पाना इत्यादिको तथ्याङ्कहरू सङ्कलन गरी क्रमबद्ध रूपमा तालिकाबद्ध गर्ने | थर्मामिटर पढेर सूचना<br>वर्गाङ्कित कागजमा दिइएको क्रमजोडा सङ्ख्या (पहिलो चतुर्थांशसम्म मात्र) |

| | | |
|---|---|---|
| | तालिकाबाट सूचना<br>वर्गाङ्कित कागज प्रयोग गरी बारग्राफ | |
| ८. समूह (Set) | | १. वाक्यमा दिइएका समूहमा सदस्यहरूलाई समूह सङ्केत (Set notation)मा प्रस्तुतीकरण |
| ९. बीजगणित | १. सजातीय पद (Like terms)हरूको जोड र घटाउ गर्न (ऋणात्मक पद प्रयोग नहुने गरी) | १. अवलोकन विधि(Inspection Method) वा बारम्बार अभ्यास (Hit and Trail) बाट हल हुने कोठा सङ्केत (Box Notation) का जोड, घटाउ, गुणन र भाग क्रिया समावेश भएका समीकरणका साधारण समस्याहरूको हल ।<br>(चलसमेतको प्रयोग गरी) |

***(ख) कक्षा ५***

| **क्षेत्र** | **प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु** | **शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु** |
|---|---|---|
| १. ज्यामिति | १. 0°-180°का कोणहरू ( १५०/१५० को फरकमा)<br>२. दिइएका त्रिभुज र चतुर्भुजका कोणहरू तथा भुजाहरू | ३. भुजा र कोणका आधारमा त्रिभुजको वर्गीकरण |
| २. सङ्ख्याको ज्ञान | १. हिन्दु अरेबिक अङ्क प्रयोग गरी करोडभन्दा माथिका सङ्ख्या गन्ती (अङ्क र अक्षरमा) तथा ती सङ्ख्याका अङ्कहरूको स्थानमान<br>२. अङ्ग्रेजीमा मिलियनसम्मका सङ्ख्या<br>३. १ देखि १०० सम्मका रूढ | १. आवश्यक स्थानमा सङ्ख्याहरूको शून्यान्त<br>२. १ देखि १० सम्मको सङ्ख्याको वर्गसङ्ख्या र १ देखि ५ सम्मका सङ्ख्याको घन सङ्ख्या र यसका मूलहरू (वर्ग र घन)<br>३. तीन अङ्कसम्मको सङ्ख्याको रूढ गुणनखण्ड |

| | | |
|---|---|---|
| | (Prime)र संयुक्त (Composite)सङ्ख्या | |
| ३ गणितका आधारभूत क्रिया (घ) विविध | १. +, -, ×र÷ मध्ये कुनै दुईक्रियाहरू र दुई कोष्ठहरू {( )} प्रयोग भएका साङ्ख्यिक तथा व्यावहारिक समस्याहरू | |
| ४. समय, मुद्रा र नापतौल (क) समय | १. समयका एकाइहरूको गुणन र सामान्य भाग तथा गुणन र भाग सम्बन्धी व्यावहारिक समस्याहरू | |
| (ख) मुद्रा | १. रुपियाँ पैसासम्बन्धी गुणन र भागका व्यावहारिक समस्याहरू | १. रुपियाँ पैसासम्बन्धी जोड र घटाउका व्यावहारिक समस्याहरू |
| (ग) दुरी | १. दुरीका एकाइहरू प्रयोग भएका सरल गुणन र भाग गर्न ( ) तथा त्यससम्बन्धी सरल व्यावहारिक समस्याहरू<br>२. विभिन्न वस्तुहरूको लम्बाइ, चौडाइ, उचाइ र आफ्नो घर विद्यालय वरिपरि ठाउँहरूको दुरीहरूको नाप अन्दाज | |
| (घ) परिमिति | | १. आयताकार आकृतिहरूको परिमिति (सूत्र प्रयोग गरेर) |
| (ङ) क्षेत्रफल | | १. आयताकार आकृतिहरूको क्षेत्रफल, सूत्र प्रयोग गरी निकाल्न तथा तत्सम्बन्धी सरल व्यावहारिक समस्याहरू |
| (च) क्षमता | ४. १.मिलिमिटर र लिटरसँग सम्बन्धित गुणन र भाग तथा तत्सम्बन्धी सरल व्यावहारिक समस्याहरू | |
| (छ) आयतन | | १. सूत्र प्रयोग गरी षड्मुखा (Cuboids)को |

| | | |
|---|---|---|
| | | आयतन |
| (ज) तौल | १. ग्राम र कि.ग्रा. को गुणन र भाग<br>२. गुणन र भागसम्बन्धी सरल व्यावहारिक समस्याहरू<br>३. विभिन्न वस्तुहरूको तौल अन्दाज<br>४. कि.ग्रा. र क्विन्टलको सम्बन्ध | |
| ५. भिन्न, दशमलव, प्रतिशत, ऐकिक नियम र साधारण व्याज<br>(क) भिन्न | १. मिश्रित सङ्ख्या र अनुपयुक्त भिन्नहरूलाई एक अर्कामा रूपान्तर<br>२. भिन्नसम्बन्धी जोड र घटाउका सरल व्यावहारिक समस्याहरू (दुईओटा मात्र भिन्न समावेश हुने गरी) | १. मिश्रित सङ्ख्याका जोड र घटाउ ( दुईओटा भिन्न मात्र भएको)<br>२. भिन्नको गुणन (दुईओटा भिन्न मात्र भएको) |
| (ख) दशमलव | १. दशमलव सङ्ख्या र भिन्नलाई एकआपसमा रूपान्तर (दशमलवको तीन स्थानसम्म)<br>२. दशमलवको तीन स्थानसम्मको जोड र घटाउ<br>३. दशमलव सङ्ख्याको जोड र घटाउसम्बन्धी सरल व्यावहारिक समस्याहरू | १. दशमलव सङ्ख्यालाई दिइएको स्थानमा शून्यान्त |
| (ग) प्रतिशत | १. भिन्न र प्रतिशतलाई एक आपसमा रूपान्तर | १. प्रतिशतसम्बन्धी सरल व्यावहारिक समस्याहरू |
| (घ) ऐकिक नियम र साधारण व्याज | | १. ऐकिक नियमद्वारा साधारण लेनदेनका हिसाब<br>२. ऐकिक नियमद्वारा साधारण व्याजसम्बन्धी सरल हिसाब |
| ६. विल र बजेट | | १. बिल<br>२. बजेट हेरी सूचना |
| ७. तथ्याङ्क | १. तालिकाबद्ध कुनै सूचनाबाट | |

| | | |
|---|---|---|
| | निष्कर्ष<br>२. दिइएको सामान्य सूचनालाई ग्राफमा प्रस्तुतीकरण<br>३. क्रमजोडा सङ्ख्या प्रयोग गरी कुनै स्थानलाई अङ्कन गर्ने ( पहिलो चतुर्थांशमा मात्र) | |
| ८. समूह (Set) | | १. दिइएका समूहहरूका समूह सङ्केत(Set notation) { }लाई वाक्यमा प्रस्तुतीकरण |
| ९. बीजगणित | १. सरल शाब्दिक समस्याहरूलाई बीजगणितीय अभिव्यञ्जकमा लेख्न (जोड र घटाउ क्रियामा समावेश भएको दुई पदीय अभिव्यञ्जक मात्र) | १.बराबरी तथ्य<br>२.बराबरी तथ्य प्रयोग गरी एक चलयुक्त रेखीय समीकरणको हल |

## *४.४ विज्ञान, स्वास्थ्य तथा शारीरिक*

### *कक्षा ४*

### *(अ) विज्ञान*

| **क्षेत्र** | **सिकाइउपलब्धि/विशिष्ट उद्देश्य** | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | **शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु** |
|---|---|---|---|
| **सजीव वस्तुहरू** | **ढाड भएका र ढाड नभएका जनावरहरू चिन्न र उदाहरण दिन ।<br>फूल पार्ने र बच्चा जन्माउने जनावरहरू चिन्न र तिनीहरूको सूची तयार गर्न ।<br>जीवनप्रक्रियाको सामान्य परिचय दिन र जनावर तथा बिरुवाहरूमा जीवन प्रक्रियाको महत्त्व वर्णन गर्न ।<br>कही सामान्य बिरुवाहरूका** | **- ढाड भएका र ढाड नभएका जनावरहरू : वर्गीकरण, लक्षण, उदाहरण<br>फूल पार्ने र बच्चा जन्माउने जनावरहरू<br>जीवन प्रक्रिया : सामान्य परिचय, महत्त्व<br>बिरुवाका विकासका चरणहरू :<br>बीउका अङ्कुरण, बेर्ना, कोपिला/फूल, फल<br>जमिनमा पाइने बिरुवाहरू र तिनीहरूका लक्षण** | यहाँ उल्लेख गरिएबाहेकका पाठ्यक्रमका अन्य पाठ्यवस्तुघरमै बसेर अभिभावकको सहयोगमा, टेलिभिजन हेरेर, रेडियो सुनेर र आफूभन्दा जान्नेबाट सिक्न तथा सिकाउन सकिने छ । |

| | | | |
|---|---|---|---|
| | विकासका` चरणहरूको अवलोकन गरी अभिलेख राख्न र वर्णन गन।<br>जमिन र पानीमा पाइने बिरुवाहरूका लक्षणहरू अवलोकन गरी सूची तयार<br>गर्न। | पानीमा पाइने बिरुवाहरू र तिनीहरूका लक्षण | |
| वातावरण | प्राकृतिक प्रकोपको परिचय दिन।<br>प्राकृतिक प्रकोपका असरहरू बताउन।<br>प्राकृतिक प्रकोपबाट बच्ने सामान्य उपायहरू बताउन र अपनाउन।<br>जनावर, बिरुवा र वातावरणबिच अन्तरसम्बन्ध हुने कुरा बताउन। | प्राकृतिक प्रकोपको परिचय<br>प्राकृतिक प्रकोपका असरहरू : घरखेत बगाउने, मानिस जनावर बगाउने र पुर्ने घर, अन्नबाली पशुपन्छी जलेर नष्ट हुने, धनसम्पत्ति बोटबिरुवा, वनजङ्गल जलेर नस्ट हुने।<br>प्राकृतिक प्रकोपबाट बच्ने सामान्य उपायहरू<br>जनावर र बिरुवाबिच अन्तरसम्बन्ध : जनावरबाट बिरुवाले पाउने फाइदा, बिरुवाबाट जनावरले पाउने फाइदा, बिरुवाले प्रकाश संश्लेषण गर्दा कार्बनडाइअक्साइड लिने र अक्सिजन दिने, जनावरले श्वास फेर्दा अक्सिजन लिने र कार्बनडाईअक्साइड दिने। | |
| पदार्थ र शक्ति | पदार्थको परिभाषा दिन।<br>कुनै पनि पदार्थको तौल र आयतन हुन्छ भनी बताउन।<br>पदार्थको तीन अवस्था (ठोस, तरल र ग्याँ स) बारे उदाहरणसहित बताउन।<br>शक्तिको परिचय दिन।<br>पदार्थमा तापको असर (आयतनमा वृद्धि, तापक्रमको घटबढ र पदार्थको अवस्थामा परिवर्तन) को प्रदर्शन गर्न।<br>दैनिक जीवनमा तापको असरका | आधारभूत लक्षण (तौल र आयतन) को आधारमा पदार्थको परिभाषा।<br>पदार्थका तीन अवस्था (ठोस, तरल, ग्याँ स)।<br>शक्तिको परिचय<br>तापको असर (पदार्थको आयतनमा वृद्धि, तापक्रमको घटबढ, पदार्थको अवस्थामा परिवर्तन)<br>दैनिक जीवनमा तापको असरको उपयोग | |

| | | |
|---|---|---|
| | उपयोगिताको व्याख्या गर्न । | |
| पृथ्वी र अन्तरिक्ष | - मौसमको सरल परिचय दिन र त्यसका किसिम व्याख्या गर्न ।<br>- ऋतुका प्रकार (किसिम) र साधारण लक्षणहरू व्याख्या गर्न ।<br>- पृथ्वीमा जलमण्डल र स्थलमण्डलको भाग (अनुपात) बताउन ।<br>- जलमण्डललाई पानी, हिउँ र पानीको वाफका रूपमा व्याख्या गर्न ।<br>- पृथ्वीको वायुमण्डलको बनोट (Composition)व्याख्या गर्न । | मौसम र ऋतु :<br>- परिचय<br>- ऋतुका किसिम (हिउँद, वसन्त, ग्रीष्म र शरद)<br>- लक्षण<br>- मौसमका किसिम<br>पृथ्वी<br>- बाहिरी बनोट<br>- जलमण्डल, स्थलमण्डल र वायुमण्डलको परिचय<br>जलमण्डल<br>- सतहको पानी, सतहमुनिको पानी र सतहमाथिको पानी<br>स्थलमण्डल<br>- पहाड, उपत्यका र मैदान<br>वायुमण्डल<br>- बनोट (धुलाका कण, पानीको बाफ, विभिन्न ग्याँस) |
| सूचना प्रविधि | - सूचनाका स्रोतहरू ( पुस्तकालय, पत्रपत्रिका, चार्ट, पोस्टर, विज्ञापन, पुस्तक) को परिचय दिन ।<br>- एकोहोरो सूचना प्रणाली (One way communication) र दोहोरो सूचना पणाली (Two way Communication)को परिचय दिन ।<br>- सूचना प्रवाहको महत्त्व | - सूचनाका स्रोतहरू (पुस्तकालय, पत्रपत्रिका, चार्ट, पोस्टर, विज्ञापन, पुस्तक)<br>- एकोहोरो सूचना प्रणाली (One way communication) र दोहोरो सूचना प्रणाली (Two way Communication)<br>- सूचना प्रवाहको महत्त्व |

| | | |
|---|---|---|
| | बताउन । | |
| सामान्य प्रविधि | - पानीघट्ट र हेन्डपम्पको सामान्य परिचय दिन ।<br>- पानीघटट् वा पानीमिल, हेन्डपम्पको उपयोगिता बताउन । | - सामान्य प्रविधिको परिचय र उपयोगिता<br>- पानीघट्ट वा पानी मिल र हेन्डपम्प |

*(आ) कक्षा ४ : स्वास्थ्य*

| क्षेत्र | सिकाइउपलब्धि/विशिष्ट उद्देश्य | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु |
|---|---|---|---|
| १. व्यक्तिगत सफाइ | १. शरीरका अङ्गहरूको नियमित सफाइबाट हुने फाइदाहरू बताउन ।<br>२. व्यक्तिगत सरसफाइबाट निरागी भइन्छ भन्ने ` विश्वास राख्न ।<br>३. शरीरका विभिन्न भागहरूमा हुने फोहोर हटाउने उपायमा अभ्यास गर्न । | - शरीरका विभिन्न अङ्गहरूको सरसफाइबाट हुने फाइदा (शरीरका नवद्वार र छाला) | - आफ्ना शरीरका अङ्गेगहरूको हेरविचार र सुरक्षा (नङ काट्ने, अरू नवद्वार सफाइ राख्ने) |
| २. वातावरणीय सफाइ | ४. वातावरण फोहोर वा प्रदूषण हुने कारण बताउन ।<br>५. निरोगी हुन सफा वातावरणमा बस्नुपर्छ भन्ने कुरामा बताउन ।<br>६. घर र विद्यालय सफा गर्दा निस्केका फोहारको वर्गीकरण गन ।<br>७. आफ्ना भाइ, बहिनी र साथीभाइलाई पनि वातावरण | - वातावरण फोहोर वा प्रदूषण हुने कारणहरू (भान्साबाट निस्कका फोहोरहरू, कागजका टुक्राहरू, पेन्सिल काटेको धुलो, प्लास्टिक, फलफूलका बोक्रा, धुवाँ, धुलो, काठ, दाउरा, पात पतिङ्गरहरू आदि) । | - घर र विद्यालय सफा गदा निस्कने फोहोरहरूको वर्गीकरण (कुहिने र नकुहिन) |

| | | | |
|---|---|---|---|
| | सफा राख्नका लागि प्रेरित गर्न । | | |
| ३. पोषण तथा खाना | ८. पौष्टिक तत्त्वका आधारमा खानेकुराको वर्गीकरण गर्न ।<br>९. पौष्टिक तत्त्वहरू भएका खाना खानुपर्छ भन्न धारणा राख्न ।<br>१०. आफ्नो गाउँ र समदायमा पाइने खानेकुराका नमना ु सङ्कलन गरी पोषणयुक्त खाना छुट्याउन ।<br>११. बजारमा पाइने तयारी खानाबाट हुन सक्ने हानिहरू बताउन ।<br>१२. आयोडिनयुक्त नुन सुरक्षित राख्न । | - खानेकुराको काम र वर्गीकरण<br>- कामअनुसार खानाको वर्गीकरण, जस्तै : शक्ति दिने खानाहरू अन्नहरू, आलु, सखरखण्ड, आदि<br>- शरीर वृद्धि गर्न खानाहरू गेडागुडी, माछामासु दही, दूध आदि<br>- शरीर रक्षा गर्ने खानाहरू : फलफूल, हरियो सागपात आदि<br>- आयोडिनयुक्त नुनको महत्त्व | - खानेकुराको नमुना सङ्कलन |
| ४. रोगहरू | १३. सर्ने, र नसर्न रोगहरूका लक्षण, रोग लाग्नुका कारण र बच्ने उपाय बताउन ।<br>१४.रोग लागका व्यक्तिप्रति सहयोगात्मक भावना राख्ने ।<br>१५. सर्ने र नसर्ने रोगहरूबाट बच्ने उपायहरू अपनाउन । | - सर्ने रोगहरू : आउँ, निमोनिया, भ्यागुते, पोलियो, दादुरा, ट्रकोमा आदि (सर्ने तरिका र बच्ने उपाय)<br>- नसर्ने रोगहरू : क्यान्सर, मटु ुको रोग, मधुमेह आदि<br>- सहयागात्मक भावना: बिरामीलाइ ै सहयोग गर्ने, घृणा नगर्ने आदि | |
| ५. बचाउ तथा प्राथमिक उपचार | १६. विभिन्न स्थान तथा वस्तुबाट हुन सक्ने दुर्घटनाहरूका कारण र यिनीहरूबाट बच्ने उपाय बताउन ।<br>१७. दुर्घटनामा परेका व्यक्तिलाई सहयोग गर्न ।<br>१८. प्राथमिक उपचारको परिचय दिन ।<br>१९. घाउ, चोटपटक, सङ्कमण | - विभिन्न स्थान र वस्तुबाट हुन सक्ने दुर्घटनाका कारण र बच्ने उपाय : (खेलमैदान, सडक, पोखरी, खाला, हिउँ आदिमा ( लड्नु, चोटपटक लाग्नु, टोकाइ, हिउँले खानु, आदि)<br>- दुर्घटनामा परेकालाई गर्नुपर्ने सहयोग<br>- प्राथमिक उपचार (रगतको | |

| | | | |
|---|---|---|---|
| | प्रति सचेत रहन आदि । | रोकथाम, पट्टीको प्रयाग र स्वास्थ्य केन्द्रको सेवा आदि | |
| ६. स्वास्थ्य सेवा | २०. स्वास्थ्य सेवा दिने स्थानीय संस्थाहरूको महत्त्व बताउन ।<br>२१. स्वास्थ्य सेवा दिने संस्थाहरूप्रति सकारात्मक दृष्टिकोण राख्न ।<br>२२. बिरामी हुँदा स्वास्थ्य सेवा लिन र स्वास्थ्य सेवा लिनका लागि अरूलाई पनि सहयोग गर्न । | - व्यक्ति, परिवार र समुदायमा स्वास्थ्य सवाको महत्त्व | - स्वास्थ्य सेवा र सहयोग : बिरामी हुँदा स्वास्थ्य सेवा लिन, अरू बिरामी हुँदा स्वास्थ्य सेवा लिन सहयोग गर्ने |
| ७. धूमपान तथा लागुपदार्थ | २३. धूमपान, मद्यपान र लागुपदार्थको परिचय र यसका विकृति पत्ता लगाउन ।<br>२४.धूमपान, मद्यपान र लागुपदार्थ सेवनबाट हानिपति नकारात्मक दृष्ट्रिकोण राख्न ।<br>२५. धूमपान, मद्यपान र लागुपदार्थ आफू पनि सेवन नगर्न र अरूलाई पनि सेवन नगर्ने सल्लाह दिन । | - धूमपान, मद्यपान र लागुपदार्थ : परिचय, प्रकार, असर<br>- धूमपान, मद्यपान, लागुपदार्थ प्रतिको सचेतना । | - सेवनप्रति अस्वीकार : आमाबाबु, साथीभाइ, छरछिमेक |

### *(इ) कक्षा ४ : शारीरिक शिक्षा*

| क्षेत्र | सिकाइउपलब्धि/विशिष्ट उद्देश्य | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| शारीरिक शिक्षाका आधारभूत सिपहरू<br>क. गतिशील अवस्थाका सिपहरू<br>(अ) हिँडाइ/ दौडाइ | • सही तरिकाले हिँ ड्न<br>• नक्कल गरी हिँडन ।<br>• तालमा हिँ ड्न ।<br>• ५० मि. सम्मका दुरी दौडन ।<br>• साधारण रिले खेलहरू खेल्न । | • बाधा दौड<br>• रिले दौड (हल्का वस्तु सार्ने, बाँङ्गोटिङ्गो, सिधा)<br>• ४०-५० मि. सम्मको दौड | • सही तरिकाको हिँडाइ<br>• टोली नेताको नक्कल गर्ने हिँडाइ<br>• तालमा हिँडाइ<br>• साधारण दौड<br>• जगिङ्ग |
| (आ) उफ्राइ | विभिन्न तरिकाले उफ्रने र टेक्ने कार्य गरी साधारण हाइजम्प र लङजम्प गर्न । स्किपिङ खेल खेल्न । दिशा बदली हप गर्न । | • लङजम्प<br>• कैँची तरिकाको हाइजम्प | • जोडीमा खेल्ने स्किपिङ<br>• दिशा बदली गर्ने हप दौड |
| (इ) फ्याँकाइ | टाउको माथिबाट बल फाल्न र निशाना लगाउन । | | • दुई हातले बल फाल्ने खेल<br>• तोकिएको ठाउँ मा बलले निशाना लगाउने खेल |
| (ख)स्थिर अवस्थाका सिपहरू | शरीरलाई झुलाउन, तन्काउन र कुनै वस्तु वा बारमा झुन्डिन र मच्चिएर झर्न । | • झुल्ने र तन्किने कार्य<br>• तान्ने र लच्किने कार्य<br>• झुन्डिने, चढ्ने र झर्ने कार्य | |
| २. कवाज र शारीरिक व्यायाम<br>(क) कवाज | फर्किने कार्यहरू गर्न ।<br>छिटो हिँड र नजर कार्य गर्न । | • दायाँ फर्क, बायाँ फर्क र पूरा फर्क<br>• छिटो हिँड र अड<br>• दायाँ नजर र सिधा नजर | |
| (ख) शारीरिक व्यायाम | तालिका नं. १ देखि १३ सम्म ठीक तरिकाले कसरत गर्न । | • समूहमा सामेल<br>• १ देखि १३ सम्म शारीरिक व्यायाम | |
| ३. साधारण तथा स्थानीय खेलहरू<br>(क) साधारण खेल | साधारण खेलहरू खेल्न । | | साधारण खेलहरू<br>• राम रावण<br>• रूखमा लोखर्के<br>• डन्डीबियो<br>• हुत्याउने र ठ्याक लगाउने कार्य । |
| (ख) स्थानीय खेल | निर्देशनविना नै स्थानीय खेलहरू आफैँ खेल्न । | | |

| | | | |
|---|---|---|---|
| ४. सिर्जनात्मक खेलहरू<br><br>(क) कथानक खेल | आफूले जानेका र पुस्तकमा भएका कथाहरू हाली त्यसमा आधारित कार्यहरू गर्न । | • कथा वाचन<br>• कथामा आधारित क्रियाकलापहरू | |
| (ख) अभिनयात्मक खेलहरू | निर्देशन वा संवादवमोजिम अभिनय गर्न । | • सामान्य घटनाको निर्देशन<br>• संवादमा आधारित अभिनय | |
| ५. भकुन्डो खेलहरू | भकुन्डो खुट्टाले रोक्न र हान्न । | • भकुन्डो पास<br>• भकुन्डो ड्रिब्लिङ<br>• रिले भकुन्डो | |
| ६. जिम्नास्टिक तथा सन्तुलन कार्य<br><br>(क) पल्टन बाजी | स्वतन्त्ररूपले विस्तारै अगाडि पछाडि पल्टन । | • अगाडि विस्तारै पल्टन बाजी<br>• पछाडि विस्तारै पल्टन बाजी<br>• | |
| (ख) सन्तुलन कार्य | हात, टाउको र पेटले भुइँमा टेकी शरीरलाई सन्तुलनमा गर्न । | • हातले भुइँ टेकी शरीर<br>• सन्तुलन<br>• टाउकोले भुइँ टेकी शरीर सन्तुलन | |

***कक्षा ५***

***(अ) विज्ञान***

| क्षेत्र | सिकाइउपलब्धि/विशिष्ट उद्देश्य | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु |
|---|---|---|---|
| सजीव वस्तुहरू | - ढाड भएका जनावरहरू पहिचान गरी वर्गीकरण गर्न र तिनीहरूका लक्षण वर्णन गर्न । | - ढाड भएका जनावरहरू : परिचय, वर्गीकरण (माछा समूह, उभयचर समूह, सरीसृप समूह, चरा समूह र | - यहाँ उल्लेख गरिएबाहेकका पाठ्यक्रमका अन्य |

| | | | |
|---|---|---|---|
| | - ढाड नभएका जनावरहरू पहिचान गरी वर्गीकरण गर्न र तिनीहरूका लक्षणहरू वर्णन गर्न ।<br><br>- एकदलीय र दुई दलीय बिरुवाहरू पहिचान गर्न र तिनीहरूका लक्षणहरूको सूची तयार गर्न ।<br><br>- बिरुवाका विभिन्न भागहरूका पहिचान गरी तिनीहरूका कार्यहरू वणन गर्न ।<br><br>- जनावर र बिरुवाहरूको सामान्य जीवन प्रक्रियाहरू वर्णन गर्न । | स्तनधारी, समूहका लक्षण र उदाहरणहरू)<br><br>- ढाड नभएका जनावरहरू :<br><br>परिचय<br><br>वर्गीकरण : एककोषीय, छिद्र छिद्र शरीर भएका, खोक्रो शरीर भएका, चेप्टो शरीर भएका, डोलो शरीर भएका, खण्ड खण्ड शरीर भएका, खण्ड खण्ड खुट्टा भएका, नरम शरीर भएका  र कडा आवरण भएका जनावरहरू (लक्षण र उदाहरणहरू)<br><br>- एकदलीय र दुई दलीय बिरुवाहरू ( परिचय, लक्षण र उदाहरणहरू)<br><br>- बिरुवाका विभिन्न भागहरू<br><br>• जरा र यसको कार्य<br><br>• काण्ड र यसको कार्य<br><br>• पात र यसको कार्य<br><br>• फूल र यसका विभिन्न भागहरू र कार्य<br><br>• फल र यसको कार्य<br><br>- जीवन प्रकिया<br><br>(पोषण, सास फेर्नु, शरीरभित्र खाना, पानी तथा उपयागी पदार्थहरूको सञ्चार, निष्काशन, प्रजनन) | पाठ्यवस्तु घरमै बसेर अभिभावकको सहयोगमा, टेलिभिजन हेरेर, रेडियो सुनेर र आफूभन्दा जान्नेबाट सिक्न तथा सिकाउन सकिने छ । |
| वातावरण | - वातावरणमा प्रभाव पार्ने मानिसका विभिन्न क्रियाकलापहरू र यसको असर बताउन । | - मानव क्रियाकलापले वातावरणमा पर्ने प्रभाव र यसको असर<br><br>- (वनजङ्गल नास गर्नु, वन्यजन्तुको | |

| | | |
|---|---|---|
| | - वातावरण संरक्षणका उपायहरू बताउन र अपनाउन । | सिकार, वनजङ्गलमा आगो लगाउनु, धुलो, धुँवा, फोहोर गर्नु, कलकारखानाबाट दषित पानी खोला नदीमा फ्याँक्नु, ढल निकासको उचित व्यवस्था नगर्नु आदि)<br>- वातावरण संरक्षणमा मानिसको भूमिका : उचित ढङ्गबाट खेती गर्नु, तटबन्ध गर्नु, वृक्षरोपण गर्नु, वन्यजन्तुको सिकार नगर्नु जङ्गलमा आगो लगाउन रोक लगाउनु, पानीको स्रोतको जगेर्ना गर्नु, अनावश्यक रूपमा धुवाँ, धुलो पैदा नगर्नु, व्यवस्थित सहरीकरण आदि |
| पदार्थ र शक्ति | - तताउँदा र चिस्याउँदा वस्तुको अवस्था परिवर्तन हुने बताउन ।<br>- पग्लन, जम्नु, वाष्पीकरण चिसिनु र उर्ध्वपातन क्रियाका परिभाषा दिन ।<br>- दैनिक जीवनमा वस्तुको अवस्थामा हुन परिवर्तनको उदाहरण दिन ।<br>- नवीकरणीय र अनवीकरणीय शक्तिका स्रोतहरूबिच फरक छुट्याउन र उदाहरण दिन ।<br>- शक्तिका विभिन्न रूपहरू (ताप, प्रकाश, विद्युत्, ध्वनि र चुम्बक) को असर प्रदर्शन गर्न र वर्णन गर्न ।<br>- शक्तिको उपयोगिता बताउन । | - पदार्थका अवस्था परिवर्तन<br>- पदार्थको अवस्था परिवर्तनका प्रक्रियाहरू (जम्ने, पग्लने, उर्ध्वपातन, वाष्पीकरण, चिसिने)<br>- शक्तिका स्रोतहरू (नवीकरणीय र अनवीकरणीय)<br>- शक्तिका विभिन्न रूपहरू (ताप, प्रकाश, विद्युत्, ध्वनि र चुम्बक)<br>- शक्तिको उपयोगिता |

| | | | |
|---|---|---|---|
| पृथ्वी र अन्तरिक्ष | - मौसम र हावापानीको सामान्य परिचय दिन<br>- मौसम र हावापानीलाई असर पार्ने कारक तत्त्वहरू (मनसुन,जलचक्र, आर्द्रता) का व्याख्या गर्न ।<br>- मौसम अनुमान गर्ने सरल उपाय वर्णन गर्न र मौसम अनुमान गर्न ।<br>- पृथ्वीको भित्री बनोटको चित्र कोरी भागहरू छुट्याउन ।<br>- ग्रहहरूका नाम सर्यूबाट दुरीका आधारमा क्रमबद्ध रूपमा बताउन ।<br>- चन्द्रमाका उज्यालो भागको आकारमा आउने परिवर्तन ( चन्द्रमाको कला) अवलोकन, पहिचान गरी चित्र कोर्न र यसको कारण लेख्न । | - मौसम र हावापानी :<br>- परिचय<br>- मनसुन<br>- जलचक्र<br>- आर्द्रता<br>- मौसमको भविष्यवाणी<br>- पृथ्वीको भित्री बनोट<br>- सूर्य र सौय परिवार<br>- परिचय<br>- ग्रह र तारा (परिचय, भिन्नता)<br>- चन्द्रमाको कला (अवलोकन, पहिचान, चित्र कोर्न र टिपोट) | |
| सूचना प्रविधि | - सञ्चार साधनका रूपमा कम्प्युटरको प्रयोगबारे बताउन । | - सञ्चारका प्रकार:<br>(आन्तरिक सञ्चार, अन्तर वैयक्तिक सञ्चार र आम सञ्चार)<br>- सञ्चार साधनका रूपमा` कम्प्युटर | |
| सामान्य प्रविधि | - ढिकी, जाँतो, सुधारिएको चुलो र कोलको सामान्य परिचय दिन ।<br>- यिनीहरूको उपयोगिता बताउन । | - सामान्य स्थानीय प्रविधिहरू<br>ढिकी, जाँतो, सुधारिएको चुलो र कल ( उखु पेल्ने, तोरी पेल्ने र कागती/निबुवा पेल्ने) को<br>सामान्य परिचय र उपयोगिता | |

*(आ) कक्षा ५ :स्वास्थ्य*

| क्षेत्र | सिकाइउपलब्धि/विशिष्ट उद्देश्य | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु |
|---|---|---|---|
| १. व्यक्तिगत सफाइ | १. शरीरका विभिन्न अङ्गहरूको नियमित सफाइको महत्त्व बताउन ।<br>२. सन्तुलित आराम, निद्रा र व्यायामबाट हुने फाइदा बताउन ।<br>३. स्वस्थ बानीहरू अवलम्बन गर्न र अरूलाई पनि यस कार्यमा अभिप्ररित गर्ने ।<br>४. स्वस्थ बानीहरू अपनाउन ।<br>५. महिनावारीका परिचय दिने र यससम्बन्धी सफाइ गर्ने तरिका बताउन । | - मुख, हातगोडा, नङ, कपाल, छाला सफा गर्ने तरिकाहरू<br>- आराम, निद्रा र व्यायामको महत्त्व<br>- महिनावारीका परिचय | - शरीरका विभिन्न अङ्गहरूको सरसफाइ (यौन अङ्गहरूको समेत)<br>- स्वस्थबानीहरू (सुरक्षित र सन्तुलित खाना, उचित निद्रा, आराम, व्यायाम र सरसफाइ) |
| २. वातावरणीय सफाइ | ६. वातावरण सफाइको महत्त्व बताउन ।<br>७. वातावरणीय सफाइप्रति सकारात्मक चासो राख्न ।<br>८. फोहरमैलाको वर्गीकरण गरी जैविक मल तयार गर्ने काममा सघाउन । | - वातावरणीय सरसफाइको महत्त्व | - फोहोर वस्तुको व्यवस्थापनमा मानवीय भूमिका (सचेतना, व्यवहार र उत्तरदायित्व वहन)<br>- कुहिने फोहोर वस्तुबाट जैविक मलको निर्माण |

| | | | |
|---|---|---|---|
| ३. पोषण तथा खाना | ९. सन्तुलित खानाको महत्त्व बताउन ।<br>१०. दैनिक सन्तुलित भोजन मिलाएर खान ।<br>११. कुपोषणको परिचय दिन र यसको असर बताउन । | - पोषणयुक्त खानाको महत्त्व<br>- सन्तुलित खानाको महत्त्व र यसको अभावमा हुने असरहरू<br>- कुपोषणको परिचय<br>- कुपोषणका असरहरू (रतन्धो, सुकेनास,<br>रक्त अल्पता आदि)<br>- कुपोणबाट बच्ने उपायहरू | |
| ४. रोगहरू | १२. सरुवा रोगहरूका लक्षण, रोग लाग्नुका कारण र बच्ने उपाय बताउन ।<br>१३. नसर्ने रोग लग्नुका कारण र बच्ने उपाय बताउन ।<br>१४ एचआइभी र एड्सको परिचय दिन ।<br>१५. रोग लागेका व्यक्तिलाई सहयोग गन । | - सरुवा रोगहरू : क्षयरोग, ठेउला, निमोनिया, हाँडे, लहरेखोकी, हैजा, ट्रकोमा आदि<br>- नसर्ने रोगहरू मुटुरोग, मधुमेह, क्यान्सर आदि<br>- एचआइभी एडसको परिचय<br>- रोग लागेका व्यक्तिलाई सहयोग | - |
| ५. बचाउ तथा प्राथमिक उपचार | १६. बचाउ तथा प्राथमिक उपचारको उपाय बताउन ।<br>१७. दुर्घटनामा परेका व्यक्तिलाई सहयोग गर्न ।<br>१८. प्राथमिक उपचारका उपायहरू अपनाउन ।<br>१९. सङ्क्रमित रगतबाट विभिन्न प्रकारका रोगहरू सर्न | - प्राथमिक उपचारका उपायहरू प्राथमिक उपचारको महत्त्व | - प्राथमिक उपचारमा प्रयोग हुने सामानहरू (प्राथमिक उपचारको बाकस) |

| | | | |
|---|---|---|---|
| | सक्छन भन्ने कुरा बताउन । | | |
| ६. स्वास्थ्य सेवा | २०. स्वास्थ्य सेवा र सामुदायिक स्वास्थ्यको महत्त्व बताउन ।<br>२१. स्वास्थ्य सेवा र सामुदायका स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने संस्थाप्रति सकारात्मक धारणा राख्न ।<br>२२. बिरामी हुँदा स्वास्थ्य सेवा लिन, स्वास्थ्य सेवा र सामुदायका स्वास्थ्यसम्बन्धी कार्यमा सहयोगी हुन तथा स्वास्थ्य सेवा लिन अरूलाई पनि सहयोग गर्न । | | - स्वास्थ्य सेवा र सामुदायिक स्वास्थ्य सेवामा सहभागिता ( आफू बिरामी हुँदा स्वास्थ्य सेवा लिने, अरूलाई सहयोग गर्ने, सामुदायिक स्वास्थ्य कार्यमा सहभागी हुने, स्वास्थ्य सेवासम्बन्धी ज्ञानको प्रचारप्रसार गर्ने ।) |
| ७. धूमपान तथा लागुपदार्थ | २३. धूमपान, मद्यपान र लागुपदार्थबाट बच्ने उपाय वर्णन गर्न ।<br>२४.धूमपान, मद्यपान र लागपदाथु प्र्रति नकारात्मक<br>साच राख्न ।<br>२५. धूमपान, मद्यपान र लागुपदार्थ विरुद्ध अभियानमा सरिक हुन । | - धूमपान, मद्यपान, लागुपदार्थबाट बच्ने उपायहरू (सङ्गत, अस्वीकार, दवाबप्रति, संयम) | - धूमपान, मद्यपान, लागु पदार्थ विरोधी अभियान, खोज तथा अनुसन्धानका उपलब्धिको प्रचारप्रसार |

*(इ) कक्षा ५: शारीरिक*

| क्षेत्र | सिकाइउपलब्धि/विशिष्ट उद्देश्य | प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु | शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| शारीरिक शिक्षाका आधारभूत सिपहरू<br>(क) गतिशील अवस्थाका सिपहरू<br>(अ) हिँडाइ/दौडाइ | - कदम मिलाई हिँड्न ।<br>- ७५ मि. सम्मको दुरी दौडन ।<br>- साधारण रिले खेलहरू खेल्न ।<br>- छल्न र भाग्न । | - दौडमा क्राउच स्टार्ट<br>- ५०-७५ मि. सम्मको<br>- दौड, उभिएर सुरु गर्ने दौड<br>- ब्याटन रिले र साथी<br>- नाघ्ने रिले | - समूहमा विभिन्न कदम<br>- हिडँ इ<br>- अगाडि, पछाडि, दाँ या र बायाँ चारैतिरका हि डँ इ<br>- साधारण दौड र ताल |
| (आ) उफ्राइ | साधारण तरिकाले हाइजम्प र लङजम्प गर्न । | साधारण लङजम्प<br>ह्याङस्टाइल लङजम्प | - हप दौड<br>- क्रस स्किपिङ तथा<br>- घुमाएको लामो डोरीमा<br>- समूह स्किपिङ |
| (इ) फ्याँकाइ | बल वा कुनै वस्तुलाई दुरीमा फाल्न । | - दुई हातले बल उफार्ने र बास्केटमा फाल्ने खल । | - हल्का वा गह्रौं वस्तु फाल्ने खेल<br>- चुङ्गी वा बलले हान्ने खेल । |
| स्थिर अवस्थाका सिपहरू | बारमा झुन्डिएर विभिन्न तरिकाले मच्चिन र झर्न । कुनै अग्लोमा चढ्न र झर्न । | - बार, डोरीमा झुन्डिने र झर्ने कार्य<br>- पोल, डोरीमा चढ्ने र झर्ने कार्य | |
| २. कवाज र शारीरिक व्यायाम<br>(क) कवाज | गोडाचाल, छिटो हिँड अड जस्ता कार्यहरू गर्न । | ③ गोडाचाल, अड, छिटो हिँड<br>③ छिटो हिँड र अड | |
| (ख) शारीरिक व्यायाम | समूहमा एकरूपता मिलाई कसरत गर्न । गीत तथा तालको धुनमा कसरतहरू गर्न । | - शारीरिक व्यायाम तालिका १ देखि १३ सम्मका कसरतहरू लय, गन्ती वा तालमा प्रदर्शन<br>- गीत तथा तालमा कसरत | |

| | | | |
|---|---|---|---|
| ३. साधारण तथा स्थानीय खेलहरू<br>(क) साधारण खेल | साधारण खेलको परिचय दिन । सिमाना बनाई लखेटाइ खेलहरू खेल्न । | | - साधारण खेलको परिचय<br>- माझीदाइ<br>- स्वतन्त्र सहर<br>- सङ्ख्यामा होऊ |
| (ख) स्थानीय खेल | स्थानीय खेलको परिचय दिन । निर्देशनविना नै स्थानीय खेलहरू आफैँ खेल्न र खेलाउन । | - स्थानीय खेलको सामान्य परिचय<br>- विभिन्न प्रकारका स्थानीय खेलहरू सङ्कलन तथा खेलाइ (लक्कु ढाल, डन्डीवियो ) | - स्थानीय खेलको सामान्य परिचय<br>- विभिन्न प्रकारका स्थानीय खेलहरू सङ्कलन तथा खेलाइ (लक्कु ढाल, डन्डीवियो ) |
| ४. सिर्जनात्मक खेलहरू<br>(क) कथानक खेल | कथानक खेलका रूपमा आउन सक्ने कथाहरू हाली खेल्न र खेलाउन । | - कथानक खेल<br>- कथा सङ्कलन<br>- कथामा अभिनय | |
| (ख) अभिनयात्मक खेलहरू | आफूले देखेका नौलो जनावरको अभिनय (नक्कल) गर्न । | | - आफ्नो क्षेत्रमा भएका वा नभएका तथा देखेका वा नदेखेका जनावरको आवाज, हिँडाइ, क्रियाकलाप आदिको अभिनय |
| ५. भकुन्डो खेलहरू | भकुन्डो हात र खुट्टाले ड्रिबल गर्न र समूहमा भकुन्डो खेल खेल्न । | - खुट्टाद्वारा भकुन्डो ड्रिबल<br>- खुट्टाको भित्री भागबाट हनाइ<br>- खट्‍ टाको बाहिरी भागबाट हनाइ<br>- हातद्वारा भकुन्डो ड्रिबल<br>- हातल भकेुन्डो पासिङ र सर्भिसिङ<br>- समूहमा भकुन्डो खेल | |
| ६. जिम्नास्टिक तथा सन्तुलन कार्य | विभिन्न तरिकाले पल्टन ( काँधले टेकेर) | - अगाडि पल्टने, पछाडि पल्टने<br>- छेउबाट पल्टने र काँधले | |

| | | | |
|---|---|---|---|
| (क) पल्टन बाजी | | - टेकेर पल्टने कार्यहरू | |
| (ख) सन्तुलन कार्य | विभिन्न आकार बनाई शरीरलाई सन्तुलनमा राख्न । | - शरीरलाई विभिन्न आकारमा सन्तुलन गराउने<br>- जस्तै : सीएलजेड आकार | |

## ४.५ सामाजिक अध्ययन

***कक्षा ४ र ५***

| क्षेत्र एकाइ | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | **प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु** | **शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु** | **प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु** | **शिक्षकको निर्देशनमा वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु** |
| आफू र आफ्नो परिवार तथा छरछिमेक | - पेसागतसामग्रीहरू को प्रयोग र सुरक्षा<br>- छिमेकीहरूबिच सहयोगको आदानप्रदान | छिमेकीसँगको सम्बन्ध | - सामुदायिक काममा सहयोग<br>- छिमेकीहरूप्रति गरिने व्यवहार<br>- समानुभूति (Empathy) | –छिमेकीहरूको काम र पेसा |
| हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | –मान्यजनहरूसँग गर्नुपर्ने व्यवहार<br>- समुदायका विभिन्न | - जिल्लास्तरीय व्यक्तित्व | –परम्परागत सामाजिक प्रचलनहरू तुलनात्मक | –आफ्नो जिल्लाभित्रका भाषा, वेशभूषा, |

| | | | | |
|---|---|---|---|---|
| | भाषा, वेषभूषा, रहनसहन र चाडपर्व<br>- आफू जन्मेको स्थानको महत्व, सद्भाव र विकास | | अध्ययन<br>–आफ्नो क्षेत्र र राष्ट्रप्रति सम्मान<br>–आफ्नो क्षेत्रको व्यक्तित्व अनुकरणीय काम | रहनसहन मेलापर्वहरूमा सहभागिता |
| सामाजिक समस्या र समाधान | –स्थानीय समुदायमा रहेका अप्ठ्यारोमा परेकालाई सहयोग<br>- मादक पदार्थ र सोको सेवनबाट बच्ने<br>उपाय<br>- समाजमा रहेका कुरीतिहरू हटाउन<br>सहयोग गर्ने | - स्थानीयस्तरमा भएका सङ्घ संस्थाहरू | - बाह्य संस्कृतिको नकारात्मक प्रभावबाट बचावट<br>- सामाजिक समस्या र विकृति हटाउन सहयोग गर्ने सामाजिक सङ्घ संस्थाहरू<br>- नीति नियमको आवश्यकता र तिनको पालना | - समाजमा चोरीडकैती जस्ता घटनाप्रति सजगता<br>- मादक पदार्थ तथा लागू पदार्थ सेवनबाट टाढा रहन र त्यस्ता कुलतबाट बचावट |
| नागरिक चेतना | - बालअधिकार र उपयोग<br>- राष्ट्रिय सम्पदाहरूको प्रयोग र संरक्षण<br>- सार्वजनिक स्थलहरूको | - आफ्नो परिवार र छिमेकका महिला,<br>पुरुष, जातजाति, विभिन्न धर्मावलम्बी,<br>विभिन्न पेसागत | मौलिक अधिकार/मानव अधिकार<br>- कर्तव्य पालना र अधिकारको उपयोग<br>- परम्परागत रूपमा | आफू बसेको जिल्लाको जि.स.स. को परिचय, संरचना र कार्य<br>- राष्ट्रिय सम्पदा |

| | | | | |
|---|---|---|---|---|
| | सरसफाइ<br>महिला अधिकार | व्यक्ति आदिसँगसमान<br>व्यवहार<br>- आफू बसेको गा.वि.स./न.पा. को<br>परिचय, संरचना र काय | चलिआएका राम्रा सामाजिक नियमहरूको पालना<br>- स्थानीय समुदायका परिचित तथा<br>अपरिचित महिला, पुरुष, जातजाति,<br>धर्मावलम्बी आदिमा समान व्यवहार<br>- द्वन्द्व र यसको मध्यस्थता | संरक्षण तथा संवर्धनका लागि सञ्चालित मुख्य आयोजनाहरूको नाम र काम |
| - हाम्रो पृथ्वी | आफू रहेका जिल्लाका भौगोलिक स्वरूप<br>र सामाजिक रहनसहन<br>- पृथ्वीको उत्पत्ति र बनोटको सङ्क्षिप्त<br>परिचय<br>- नजिकका छिमेकी राष्ट्रहरू चीन र<br>भारतको सङ्क्षिप्त परिचय | आफू रहेको जिल्लाको सामान्य<br>नक्सासम्बन्धी कार्य | - हाम्रा देशका प्राकृतिक स्वरूप, हावापानी र सामाजिक रहनसहन<br>ग्लोब वा नक्साको प्रयोग<br>- छिमेकी राष्ट्रहरू भुटान, बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान, माल्दिभ्स र<br>अफगानिस्तानको सङ्क्षिप्त परिचय | नेपालको नक्साको सामान्य रूपरेखा र भौगोलिक तथ्यहरूको सङ्केत<br>- महाद्वीप र महासागरहरूको परिचय |

| | | | | |
|---|---|---|---|---|
| हाम्रो विगत | - नेपाल शब्दको उत्पत्ति ( सङ्क्षेपमा)<br>- हाम्रा वीर सहिदहरूको योगदान | - आफ्नो समुदायको ऐतिहासिक पृष्ठभूमि | - आफ्ना समुदायमा रहेका ऐतिहासिक व्यक्तित्व र वस्तुहरूको खोज र उचित संरक्षण<br>- नेपालको प्राचीनकाल ( गोपाल,<br>महिषपाल, किरातकाल) को सामाजिक<br>तथा आर्थिक गतिविधि<br>- हाम्रा राष्ट्रिय विभूतिहरूको नाम,<br>योगदान र सम्मान | - राष्ट्र प्रमुख तथा सरकार प्रमुखको<br>परिचय र भूमिका |
| हाम्रो आर्थिक क्रियाकलाप | आफ्नो गाउँ, नगरभित्रका व्यक्तिहरूले गर्ने सबै प्रकारका राम्रा कामको सम्मान र सहयोग<br>- मितव्ययीता<br>- आफ्नो क्षेत्रमा उत्पादित तथा निर्मित<br>वस्तुहरूको उपयोग | - घरपरिवार, छरछिमेक र समुदायमा भएका आर्थिक क्रियाकलपाको अवलोकन र सहभागिता | - जिल्लाभित्रका व्यक्तिहरूले गर्ने सबै प्रकारका राम्रो कामको सम्मान र सहयोग<br>- स्वदेशमा उत्पादिन तथा निर्मित<br>वस्तुहरूको उपयोग<br>- आफ्ना देशमा सञ्चालित | - विद्यालयका सामग्रीहरूको प्रयोगमा मितव्ययिता र सदुपयोग |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक क्रियाकलाप : कृषि, उद्योग, व्यापार, पर्यटन आदिको सामान्य परिचय | |

**५. सिकाइ सहजीकरण प्रक्रिया**

सङ्क्रमण कालमा शिक्षकले पाठ्यपुस्तकका पाठ पढाएर सक्ने विषयमा आधारित नभई पाठ्यक्रममा आधारित सिकाइ उपलब्धिलाई आधार मानी सिकाइलाई प्राथमिकतामा राखेर पाठ्यक्रमले तोकेका वैकल्पिक विधिको प्रयोगका लागि शिक्षक निर्देशिका, तालिम प्याकेजको अध्ययन, अनुभवी शिक्षक प्रशिक्षकसँग छलफल, स्थानीय विज्ञ व्यक्तिसँगको परामर्श र अध्ययन गरी महामारीका अवस्थामा विद्यार्थीको सिकाइलाई प्रभावकारी रूपमा निरन्तरता दिने विधिको चयन गरी प्रयोग गर्नुपर्छ । गृह शिक्षा वा घरमै बसेर गरिने सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षा गरी चारओटा तरिका वैकल्पिक शिक्षाका माध्यम हुन् । यी कार्यक्रमलाई समानान्तर रूपमा सञ्चालन गरेर सबैका लागि वैकल्पिक शिक्षा प्रदान गरी सिकाइको निरन्तरता गर्नु अपरिहार्य बनेको छ । विद्यार्थी विद्यालय जाने अवस्था नरहेको वर्तमान परिवेशमा शिक्षक विद्यार्थीसम्म पुग्नुपर्छ र घर नै शिक्षालय भन्ने मान्यतालाई आत्मसात गर्नुपर्छ ।शिक्षकले विद्यार्थीको सिकाइलाई निरन्तरता लिन महामारी तथा आपत्कालमा प्रयोग गरिने द्रुत सिकाइ (Rapid/accelerated learning), सामूहिक सिकाइ (Collaborative learning),परिवेशजन्य सिकाइ (Situational learning), प्रविधिमा आधारित सिकाइ (Technologybased learning) जस्ता वैकल्पिक विधिको प्रयोग गर्नुपर्छ । विद्यार्थीको सिकाइको न्यूनतम उपलब्धि हासिल गर्नका लागि पाठ्यक्रमले निर्देश गरेअनुसारको बहुबौद्धिकतामा आधारित शिक्षण, खोज तथा परियोजनामा आधारित शिक्षण र एकीकृत शिक्षण कार्यकलापको प्रयोगमा जोड दिई विभिन्न विषयमा मिल्दा पाठ्यवस्तु भएमा सबै शिक्षकले सल्लाह गरी एकीकृत शिक्षण समेत गर्नुपर्छ । **यस कार्यको संयोजन तथा पाठ्यवस्तुको छनोट कार्य सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक, सम्बन्धित विषय शिक्षक र स्थानीय तहभित्र उपलव्ध विज्ञको समितिबाट गर्नुपर्ने छ ।** सङ्क्रमण कालमा सिकाइलाई निरन्तरता दिने विधिको चयन गर्दा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :

(क) **पुनरवलोकन मोड्युल (Review module)**: समायोजन गरिएका सिकाइ उपलब्धि र पाठ्यवस्तुलाई सरल जटिल क्रममा विभाजन गरेरसमग्र पाठ्यसामग्री अध्ययन गरी यसभन्दा अगाडि सिकेको विषयलाई पुनरवलोकन गरिदिने र सोही आधारमा विद्यार्थीहरूलाई स्वअध्ययन र स्वअभ्यास गराउन सकिने, विद्यार्थीहरूले अभिभावकको सहयोग वा माथिल्ला कक्षाका विद्यार्थीसँगको सहकार्यबाट

सिक्न सकिने, साथी शिक्षकको उपयोगबाट सिक्न सकिने र विद्यार्थीले आफैँ गर्न सक्ने क्रियाकलापमा वर्गीकरण गर्ने गरी सोहीअनुसार सिकाइ सहजीकरण गर्नुपर्छ ।

(ख) **आधारभूत मोड्युल (Basic module)** :यस मोड्युलमा शिक्षकले आफ्नो प्रत्यक्ष सहयोग चाहिने, आंशिक सहयोग चाहिने पाठ्यवस्तु शिक्षणका लागि उपयुक्त विधि, सामग्री र माध्यम चयन गरीविद्यार्थीले पनि घरमै बसेर पुस्तक अध्ययन गर्ने, शिक्षकले दिएका परियोजना कार्य गर्ने, गृहकार्य गर्ने, रेडियो सुन्ने, टेलिभिजन हेर्ने, इन्टरनेटका सामग्री अध्ययन गर्ने, अनलाइन कक्षा लिने विकल्पमध्ये उपयुक्त अध्ययन गर्न सहजीकरण गर्नुपर्छ ।

(ग) **सुदृढ मोड्युल (Advance module)** : यस मोड्युलमा शिक्षकले गर्ने कार्यकलाप, विद्यार्थीले गर्नुपर्ने कार्यकलाप र अभिभावकले गरिदिनुपर्ने सहयोगका विविध पक्ष समेटिएको योजना बनाई सिकाइलाई निरन्तरता दिइन्छ । प्रत्यक्ष वा वैकल्पिक विधिबाट शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तुलाई रेडियो, टेलिभिजन, भर्चुअल वा प्रत्यक्ष माध्यमबाट विद्यार्थीसम्म पुऱ्याउने योजना बनाउनुपर्छ भने गृह शिक्षाका लागि भिन्नै योजना बनाउनुपर्छ । सुदृढ मोड्युलमा शिक्षकले सामग्री खोज तथा अध्ययन योजना, शैक्षिक सामग्रीको तयारी योजना, सिकाइ योजना, सिकाइ उपलब्धि आकलन योजना र पृष्ठपोषण योजना तयार पारी सिकाइलाई निरन्तरता दिनुपर्छ । यस्तै शिक्षकले फरक क्षमता भएका विद्यार्थीका लागि शिक्षकले न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण तथा मूल्याङ्कनका उपयुक्त तरिका अपनाई विद्यार्थी मूल्याङ्कन गरेर कक्षोन्नति गर्ने कार्यान्वयनयोग्य योजना बनाई कार्यान्वयन गर्ने र त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने व्यवस्था गर्नुपर्छ ।

शिक्षक तथा अभिभावकले पनि आफ्ना बालबालिकाहरूले पुस्तक तथा अन्य उपलब्ध पाठ्यसामग्री पढ्ने, रेडियो पाठशाला कार्यक्रम सुन्ने, टेलिभिजन शिक्षण हेर्ने, गृहकार्य गर्ने, परियोजना कार्य गर्ने, भर्चुअल कक्षा लिने जस्ता क्रियाकलापमा सक्रिय गराई बालबालिकालाई सिकाइका लागिउपयुक्त वातावरण निर्माण गर्न, आवश्यक साधन स्रोत जुटाइदिन, सिकाइको अनुमगमन गर्न, गलत क्रियाकलापमा लाग्नबाट रोक्न र मनोवैज्ञानिक विचलन आउन नदिन सहयोग गर्नुपर्छ । माथि शिक्षकले सहजीकरण गर्नुपर्ने पाठ्यवस्तु र विद्यार्थी स्वयंले सिक्नुपर्ने पाठ्यवस्तुको सहजीकरण निम्नानुसार गर्नुपर्ने छ :

(क) **शिक्षकले सहजीकरण गर्ने पाठ्यवस्तु** : विभिन्न विषयमा शिक्षकले सहजीकरण गर्नुपर्ने भनी तोकिएका पाठ्यवस्तुको सिकाइका लागि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिकाले वर्गीकरण गरेका द्यिार्थीका पाँच समूहमध्ये आफ्नो विद्यालयका विद्यार्थी कुन समूहमा पर्छन् भन्ने निर्धारण गर्नुपर्छ । यसपछि गृह शिक्षा वा घरमै बसेर अध्ययन गर्ने विद्यार्थीका लागि निश्चित समयभित्र अध्ययन गर्नुपर्ने पाठ्यवस्तु र ती पाठ्यवस्तुबाट गर्नुपर्ने अभ्यासात्मक कार्य, परियोजना कार्य र प्रयोगात्मक कार्य निर्धारण गरेर विद्यार्थीलाई सुरक्षित तरिकाले विद्यालय वा सहज ठाउँमा बोलाई वा अन्य उपयुक्त तरिका अवलम्वन गरी निर्देशनसहित सिकाइका लागि सहजीकरण गर्नुपर्छ । विद्यार्थी विद्यालय वा शिक्षकका समीपमा आउन नसक्ने अवस्था भएमा शिक्षकले विद्यार्थीको घरैमा पुगी वा सञ्चार प्रविधिको प्रयोग गरी उक्त कार्य गराउनुपर्छ र विद्यार्थीले पनि शिक्षकले तोकेको तरिकाअनुसार आफूले सम्पन्न

गरेका कार्य बुझाई पृष्ठपोषण लिनुपर्छ। रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षामा सहभानी विद्यार्थीले शिक्षकले दिएको निर्देशनअनुसारका कार्य गरी शिक्षकलाई टेलिफोन वा इमेलमार्फत आफ्ना जिज्ञासा सुनाई पाठ्यवस्तुमा स्पष्ट हुनुपर्छ।

(ख) **विद्यार्थी स्वयम्ले सिक्नुपर्ने पाठ्यवस्तु** :.पाठ्यवस्तु समायोजन ढाँचामा विद्यार्थी स्यम्ले सिक सक्ने पाठ्यवस्तु भनिएका क्षेत्रमा शिक्षकले कुन कुन विषय कसरी सिक्न भन्ने निर्देशन तयार पारेर विद्यार्थीलाई उपलब्ध गराउनुपर्छ। यस्ता विषयको सिकाइमा अभिभावक, परिवारका सदस्य, सछमेकी, माथिल्लो कक्षाका विद्यार्थी, सहपाठी र स्वयम्सेवकले सहयोग गर्न सक्ने भएकाले शिक्षकले आफ्ना विद्यार्थीलाई उनीहरूबाट सिक्न सललाह प्रदान गर्नुपर्छ । आफूलाई स्प्ट नभएका कुरा शिक्षकलाई टेलिफोन गरेर, भेटेर वा जिज्ञासा लेखेर कसैमार्फ शिक्षकसम्म पुऱ्याएर पनि सोध्न सक्ने व्यवस्था मिलाउनुपर्छ।

उल्लिखित प्रक्रियाबाट शिक्षण सिकाइ कार्यकलाप गर्न सहज नहुने विशेष आवश्यकता भएका विद्यार्थीका लागि शिक्षकले सम्बन्धित सङ्घसंस्था र सोसम्बन्धी विज्ञसँग समन्वय, सल्लाह र परामर्श गरी उपयुक्त विधि अपनाई सिकाइ, मूल्याङ्कन तथा प्रमाणीकरण र स्तरोन्तति कार्य गराउनुपर्ने छ।

## ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थीको सिकाइको मूल्याङ्कन शिक्षण कार्यकलापको अभिन्न अङ्ग हो। मूल्याङ्कन प्रमाणका आधार (Evidence Based) मा गरिनुपर्छ भन्ने सैद्धान्तिक मान्यता रहेको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा के आधारमा गरियो र कुन मापदण्डमा अङ्कन र श्रेणीकरण र स्तरोन्नति गरियो भन्ने कुरामा शिक्षक सुनिश्चित हुनुपर्छ अनि अभिभावक, विद्यार्थी र सम्बद्ध सरोकारवालालाई पनि सोको जानकारी गराउनुपर्छ। मूल्याङ्कनलाई वस्तुनिष्ठ, प्रामाणिक र गुणस्तरीय बनाउने जिम्मेवारी स्वयम् शिक्षकको हो।

### (क) सिकाइ सहजीकरणका क्रममा गरिने मूल्याङ्कन (Ongoing Assessment)

सङ्क्रमण कालमा पाठ्यक्रमले तोकेको मौजुदा व्यवस्थामा परिमार्जन गरी लिखित परीक्षाका साथै निरन्तर मूल्याङ्कनका अन्य तरिकाको प्रयोग गर्ने र शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई निरन्तरता दिई अभिलेखीकरण गर्ने गर्नुपर्छ। सिकाइ सहजीकरणका क्रममा गरिने मूल्याङ्कन प्रामाणिक (Evidence Based) हुनुपर्छ। विद्यार्थीको सिकाइ उपलब्धि पूरा भएनभएको परीक्षण गर्न शिक्षकले मूल्याङ्कनका तोकिएका प्रक्रिया र विशिष्टीकरण तालिकाबाहेकका आफूलाई उपयुक्त लागेका निम्नलिखित क्षेत्रसम्बद्ध विधिको समेत प्रयोग गरी सिकाइ उपलब्धि सुनिश्चित गर्नुपर्छ। शिक्षकले टेलिफोन वा सञ्चारका उपयुक्त विधिबाट नियमित अनुगमन र सिकाइ सहजीकरण गर्नुपर्छ। टेलिफोन पनि सम्भव नभएका ठाउँमा भौतिक दुरी कायम गरी विद्यार्थीसँग भेटघाट गरेर गृहकार्य एवम् परियोजना कार्य दिने, अध्ययनका लागि परामर्श गर्ने जस्ता कार्य गराई विद्यार्थीले सिकेका कुरा प्रमाणित गरी अभिलेखीकरण गर्नुपर्छ। परीक्षा र परीक्षाबाहेकका साधनबाट परीक्षण,

अनलाइन माध्यम वा टेलिफोनबाट मौखिक प्रश्नोत्तर, अनलाइनमा प्रश्न सोधी उत्तर लेख्न लगाउने, अभिभावक वा विद्यार्थीको मोबाइलमा खुला पुस्तकमा आधारित प्रश्न पठाई उत्तर लेखेर शिक्षकसम्म पुऱ्याउने व्यवस्था गर्ने, वर्क सिट दिने, अभिभावकबाट मूल्याङ्कन गराउने, माथिल्ला कक्षाका विद्यार्थी वा स्थानीय विज्ञबाट मूल्याङ्कन गराउने, विद्यार्थी स्वयम् वा साथीबाट मूल्याङ्कन गराउने जस्ता मूल्याङ्कनका उपाय पनि सङ्क्रमण कालका लागि उपयोगी हुन्छन् ।

### (ख) प्रयोगात्मक मूल्याङ्कन (Practical Assessment)

प्रयोगात्मक कार्यका लागि विद्यायलयहरूले विद्यार्थीले घरमै बसेर गर्न सक्ने कार्यहरू छनोट गरी आवश्यकताअनुसार कार्य गराई मूल्याङ्कन गर्नुपर्छ । प्रयोगशालामा नै गर्नुपर्ने प्रयोगात्मक कार्य भएमा विद्यार्थीको भौतिक दुरी कायमा हुने व्यवस्था गरी न्यूनतम सङ्ख्यामा विद्यार्थीलाई बोलाई शिक्षकले प्रयोगात्मक कार्य गराउनुपर्छ । प्रयोगात्मक मूल्याङ्कनलाई प्रयोगात्मक कार्य, घरबाटै गर्न सकिने परियोजना कार्य, अध्ययन प्रतिवेदन तयारी, इन्टरनेट र सामाजिक सञ्जालबाट खोजी गर्ने कार्य वा अभिभावकको सहयोगमा सम्पादन हुने कार्यका रूपमा वर्गीकरण गरी सम्पन्न गराउनुपर्छ । प्रयोगात्मक मूल्याङ्कन प्रामाणिक (Evidence Based) हुनुपर्छ ।

विद्यार्थीको मूल्याङ्कनका लागि  स्थानीय तहले शिक्षा हेर्ने अधिकारीको समन्वयमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक, विषय शिक्षक र स्थानीय विज्ञ सम्मिलित समिति गठन गर्ने छ। उक्तसमितिले  विद्यार्थीले गृह शिक्षा वा घरमै गरेको सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षामार्फत सिकेको सिकाइलाई आधारभूत तहको कक्षा १-३ मा दैनिक दुई घण्टा बराबरको सिकाइ र कक्षा ४-१० मा दैनिक चार घण्टा बराबरको सिकाइ मानी मूल्याङ्कन गर्न सक्ने छ। विद्यार्थीले बिदाका दिन र अतिरिक्त समयमा सिकेको सिकाइलाई पनि ल्याकत जाँच गरी प्रमाणीकरण तथा अभिलेखीकरण गर्न सकिने  छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरेका लिखित कार्यलगायत सम्पूर्ण विवरण सुरक्षित राख्नुपर्ने छ ।

### (ग) प्रमाणीकरण मूल्याङ्कन (Assessment for Cetification)

विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्दा  शिक्षकले सहजीकरण गरेका पाठ्यवस्तुबाट निश्चित प्रतिशत र शिक्षकको निर्देशन र अभिभावकको सहयोगमा सिकेका पाठ्यवस्तुबाट निश्चित  प्रतिशत भार दिई मूल्याङ्कन गर्नुपर्ने छ । शिक्षकले आन्तरिक र आवधिक मूल्याङ्कन गर्दा विद्यार्थीको लिखित कार्य, मौखिक कार्य, प्रयोगात्मक कार्य, परियोजना कार्य, पोर्टफोलियो व्यवस्थापन, अन्तर्वार्ता आदि जुनसुकै प्रक्रिया अपनाएको भए पनि ती विद्यार्थीको सहभागिताका गरिएको हुनुपर्ने छ । विद्यार्थीको मूल्याङ्कन र श्रेणीकरणका लागि प्रयोग गरिएका सबै साधन सुरक्षित राख्नुपर्ने छ र अनुगमनका बखत प्राप्त नभएका मूल्याङ्कन प्रक्रिया वास्तविक मानिने छैन । शैक्षिक वर्ष २०७७ का लागि विद्यार्थीको सिकाइ उपलब्धिलाई निम्नानुसार मूल्याङ्कन गरी प्रमाणीकरण गर्नुपर्ने छ :

**(क) आधारभूत तह कक्षा १ -३ का लागि विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू :** विद्यार्थीले गृह शिक्षा वा घरमै सिकेको सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षामध्ये जुनसुकै तरिकाले सिकेको भए पनि निम्नानुसारका सबै वा सम्भव भएका मूल्याङ्कनका तरिका र साधनको प्रयोग गरी सिकाइ उपलब्धि सुनिश्चित गर्नुपर्ने छ ।

| क्र. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | स्तर |
|---|---|---|---|
| १ | सिकाइमा सहभागिता | अवलोकन, रुजु सूची, श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | अवलोकन, प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | अवलोकन, रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ६ | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७ | कुराकानी, छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |

माथिको तालिकाको स्तर खण्डमा निम्नानुसारको विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या गरी १,२,३ वा ४ अङ्क उल्लेख गर्ने औसत प्राप्ताङ्कका आधारमा श्रेणीकरण गर्नुपर्ने छ :

| उपलब्धिस्तर | रेटिङ | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| समान्यभन्दा कम (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक |
| सामान्य(Basic) | २ | केही मुख्य सिकाइ उपलब्धि हासिल गरेको, अन्य सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक |

| | | |
|---|---|---|
| प्रवीण(Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च(Advanced) | ४ | मुख्य सिकाइ उपलब्धिमा माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

**(ख) आधारभूत तह कक्षा ४-८ का लागि विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

**(अ) सिकाइकै क्रममा गरिने मूल्याङ्कन/आन्तरिक मूल्याङ्कन**

विद्यार्थीले गृह शिक्षा वा घरमै सिकेको सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षामध्ये जुनसुकै तरिकाले सिककेको भए पनि निम्नानुसारका सबै वा सम्भव भएका मूल्याङ्कनका तरिका र साधनको प्रयोग गरी सिकाइ उपलब्धि सुनिश्चित गर्नुपर्ने छ । कक्षा ४-८ मा  सिकाइको ५० प्रतिशत भार सिकाइ सहजीकरणका क्रममा गरिने मूल्याङ्कनमा आधारित हुने छ । यसका लागि कक्षा १-३ मा प्रयोग गरिएकै मूल्याङ्कनका तरिका र साधन प्रयोग गर्नुपर्ने छ ।

**(आ) आवधिक मूल्याङ्कन**

विद्यार्थीले गृह शिक्षा वा घरमै सिकेको सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षामध्ये जुनसुकै तरिकाले सिकेको भए पनि कक्षा ४-८ मा आवधिक मूल्याङ्कन गराउनुपर्ने छ । आवधिक मूल्याङ्कन पहिलो पटक २०७७ साल मङ्सिर महिनासम्मको सिकाइलाई आधार मानी मङ्सिरको अन्तिम सातामा र दोस्रो पटक २०७७ चैतको अन्तिम सातामा सम्पन्न गर्नुपर्ने छ । आवधिक मूल्याङ्कन सम्भव भएसम्म लिखित परीक्षाका रूपमा सम्पन्न गर्नुपर्ने छ । लिखित परीक्षा विद्यालयमा आएर वा घरमै खुला प्रश्न पठाएर सिर्जनात्मकता जाँच्ने खालका वा अन्य उपयुक्त विधिबाट गर्न गराउन सकिने छ ।  प्रश्नहरू पाठ्यवस्तुमा आधारित (Textual) र सन्दर्भमा आधारित (Contextual) हुन सक्ने छन् । यसरी आवधिक मूल्याङ्कन गर्दा निम्नानुसारका प्रक्रिया अपनाउनुपर्ने छ :

(१) अनलाइन कक्षा भएकामा अलाइन माध्यममा लिखित कार्य गर्न गारो कुनै नक्साङ्कन, चित्राङ्कन जस्ता पक्षबाहेक अन्य पक्ष समेटी अनलाइन माध्यमबाटै प्रश्न दिई उत्तर दिन लगाउने । प्रश्नका प्रकारका बारेमा प्रधानाध्यापक र विषय शिक्षकले सल्लाह गरी  निर्धारण गर्ने

(२) गृह शिक्षा, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षाबाट सिकाइ भएका सन्दर्भमा स्थानीय परिवेशअनुकूल विद्यार्थीलाई साना समूहमा विद्यालय वा कुनै निश्चित ठाउँमा भेला गराई भौतिक सामाजिक दुरी कायम गरी सुरक्षाका उपाय अपनाएर लिखित परीक्षा गर्ने

वा

विद्यार्थी र अभिभावकलाई पूर्व जानकारी गराई शिक्षकले खुला प्रकृतिका वा विद्यार्थीको उच्च दक्षता जाँच गर्ने खालका प्रश्न बनाई विद्यार्थीको घरसम्म पुऱ्याएर अभिभावकको सुपरिवेक्षणमा घरैमा उत्तर लेखी शिक्षकसम्म पुऱ्याएर मूल्याङ्कन गर्ने

३. कक्षा ८ को परीक्षाका लागि स्थानीय तहको शिक्षा हेर्ने अधिकारीको समन्वयमा प्रधानाध्याकहरूको छलफल गरी विशिष्टीकरण तालिकाका सम्भव भएसम्मका पक्ष समेटी उल्लिखित (१) वा (२) मध्ये कुनै आधारमा परीक्षा सम्पन्न गरी अभिलेखीकरण गर्ने

**(ग) माध्यमिक तह कक्षा ९-१० का लागि विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

कक्षा ९ र १० मा आवधिक मूल्याङ्कन गर्दा निम्नानुसारका प्रक्रिया अपनाउनुपर्ने छ :

(१) अनलाइन कक्षा भएकामा अलाइन माध्यममा लिखित कार्य गर्न गारो कुनै नक्साङ्कन, चित्राङ्कन जस्ता पक्षबाहेक अन्य पक्ष समेटी अनलाइन माध्यमबाटै प्रश्न दिई उत्तर दिन लगाउने। प्रश्नका प्रकारका बारेमा प्रधानाध्यापक र विषय शिक्षकले सल्लाह गरी निर्धारण गर्ने

(२) गृह शिक्षा, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र भर्चुअल कक्षाबाट सिकाइ भएका सन्दर्भमा स्थानीय परिवेशअनुकूल विद्यार्थीलाई साना समूहमा विद्यालय वा कुनै निश्चित ठाउँमा भेला गराई भौतिक सामाजिक दुरी कायम गरी सुरक्षाका उपाय अपनाएर लिखित परीक्षा गर्ने

वा

विद्यार्थी र अभिभावकलाई पूर्व जानकारी गराई शिक्षकले खुला प्रकृतिका वा विद्यार्थीको उच्च दक्षता जाँच गर्ने खालका प्रश्न बनाई विद्यार्थीको घरसम्म पुऱ्याएर अभिभावकको सुपरिवेक्षणमा घरैमा उत्तर लेखी शिक्षकसम्म पुऱ्याएर मूल्याङ्कन गर्ने

३. कक्षा १० को परीक्षाका लागि स्थानीय तहको शिक्षा हेर्ने अधिकारीको समन्वयमा प्रधानाध्याकहरूको छलफल गरी विशिष्टीकरण तालिकाका सम्भव भएसम्मका पक्ष समेटी उल्लिखित (१) वा (२) मध्ये कुनै आधारमा जाँच सम्पन्न गरी अभिलेखीकरण गर्ने

**७. समायोजित पाठ्यक्रम कार्यान्वयनमा भूमिका**

**(क) स्थानीय तहको भूमिका**

- सिकाइ सहजीकरण निर्देशिका, २०७७ कार्यान्वनका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने
- पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ कार्यान्वयनका लागि पाठ्यवस्तु छनोट गरी सिकाइलाई निरन्तरता दिने गरी शिक्षा हेर्ने अधिकारीको समन्वयमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक, विषय शिक्षक र स्थानीय विज्ञ सम्मिलित समिति गठन गर्ने र सिकाइ सहजीकरण, विद्यार्थी मूल्याङ्कन, सिकाइको गुणस्तर सुनिश्चितता र सिकाइको अभिलेखीकरण तथा प्रमाणीकरणलगायतका जिम्मेवारी तोक्ने
- आवश्यकताअनुसार विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकसँग विद्यार्थीको सिकाइ निरन्तरताका लागि परामर्श तथा सुझाव उपलब्ध गराउने
- विद्यार्थी मूल्याङ्नका सन्दर्भमा सबै विद्यालयमा एकरूपता कायम गर्न समन्वय गर्ने

- सम्बन्धित वडामार्फत विद्यार्थीको सिकाइलाई निरन्तरता दिने सन्दर्भमा अभिभावकहरूसँग परामर्श गर्ने/गराउने
- बालबालिकाका लागि पाठ्यपुस्तक, कार्यपुस्तकलगायतका सन्दर्भ सामग्रीको व्यवस्था गर्ने गराउने

**(ख) विद्यालय व्यवस्थापन समितिको भूमिका**

- आफ्ना विद्यालयमा अध्ययनरत विद्यार्थीको कन्ट्याक्ट ट्रेसिङगरी उनीहरूको शैक्षिक अवस्थाका बारेमा खोजी गर्ने/गर्न लगाउने
- बालबालिकाका लागि पाठ्यपुस्तक र अन्य पठन सामग्रीको व्यवस्थापनमा सहजीकरण गर्ने
- सिकाइ सहजीकरण निर्देशिका, २०७७ कार्यान्वयनका लागि आवश्यक सहयोग तथा पहल गर्ने र उक्त निर्देशिकामा उल्लेख भएका विभिन्न वैकल्पिक माध्यमका आधारमा सबै विद्यार्थीको आवश्यकतालाई प्राथमिकता दिई सिकाइ निरन्तरताका लागि विद्यालयगत तथा विषयगत कार्ययोजना तयार पार्ने
- कम्तीमा १५ दिन तथा बढीमा १ महिनाका बिचमा शिक्षकहरूसँग स्वास्थ्य सुरक्षालाई ध्यान दिई सम्पर्क गरेर सम्भव भएको माध्यमबाट विद्यार्थीहरूको प्रगति समीक्षा गर्ने
- भौतिक दुरी तथा अन्य स्वास्थ्य सुरक्षा अपनाई विद्यार्थीको सिकाइको अवस्था सुनिश्चित गर्न समय समयमा घर/घर पुगी अनुगमन गर्ने/शिक्षकहरूलाई अनुगमन गर्न लगाउने

**(ग) विषय शिक्षकको भूमिका**

- विद्यार्थीको सिकाइ समूह निश्चित गरी सम्पर्क स्थापित गर्ने
- विद्यार्थीसँग पाठ्यपुस्तक भएनभएको यकिन गर्ने र नभएमा प्रधानाध्याकलाई जानकारी गराई उपलब्ध गराउन सहयोग गर्ने
- सिकाइका विविध तौरतरिकाका बारेमा जानकारी लिई स्व–अध्ययन, अवलोकन, इन्टरनेटबाट अध्ययन,परियोजना कार्य आदि तरिकाबाट सिकाइ निरन्तरताका लागि विद्यार्थीलाइ प्रेरित गर्ने
- मूल्याङ्नका विविध साधन (जस्तैः प्रश्न, वर्कसिट) विकास गरी अनलाइन, अफलाइन वा आवश्यकताअनुसार विद्यार्थीको घरमा पुगेर भए पनि मूल्याङ्कन कार्य सञ्चालन गर्ने
- प्रत्येक १५ दिनमा एकपटक सुरक्षित विधि अपनाई विद्यार्थीका घरमा गएर विद्यार्थीसँग भेट गरेर पुस्तक प्रयोगको अवस्था अध्ययन गर्ने, गृहकार्य परीक्षण गर्ने, विद्यार्थीका कुनै जिज्ञासा भए स्पष्ट पार्ने र अर्को गृहकार्य दिने
- समयमा प्रगति समीक्षा गर्ने, कठिनाइ भएका विद्यार्थीको हकमा थप सहयोग प्रदान गर्ने

(घ) **अभिभावकको भूमिका**

- विद्यालय शिक्षाको कुनै पनि कक्षामा अध्ययनरत आफ्ना बालबालिकाको दैनिक कार्यतालिका बनाइदिने वा बनाउन लगाई पालना गर्न सहयोग पुऱ्याउने
- बालबालिकाका लागि पाठ्यपुस्तक र अन्य सिकाइ सामग्रीको व्यवस्था गरिदिनें
- विद्यालयमा कक्षा शिक्षकसँग सम्पर्क स्थापित गर्ने
- विद्यालय सञ्चालन नभएको अवस्थामा विद्यार्थीले विभिन्न तरिकाबाट सिक्न सक्ने कुरालाई आधार मानीविद्यार्थीको उमेर तथा सिकाइ क्षमताअनुसार व्याववहारिक ज्ञानका लागि समेत पहल गर्ने। जस्तै : करेसाबारीको काम, परम्परागत पेसा/व्यावसाय, घर तथा वरिपरिका सरसफाइ आदि
- विद्यालय शिक्षामा पठनपाठन हुने विषयहरूका सन्दर्भमा आमा,बुबा, दाइदिदी तथा परिवारका अन्य सदस्यबाट सहयोग गर्न सक्ने अवस्था भएमा दैनिक केही समय सहयोग गर्ने
- अनलाइन माध्यमबाट पठनपाठन भएको सन्दर्भमा पठनपाठनमा केन्द्रित भएनभएको जानकारी राख्ने
- अत्यधिक समय मोबाइल,ल्यापटप वा यस्तै अन्य अनलाइन सामग्रीमा समय बिताउने बालबालिकामा विभिन्न किसिमका मानसिक तथा शारीरिक समस्या देखिएको अध्ययनबाट समेत पुष्टि भइसकेको सन्दर्भमा आफ्ना बालबालिकालाई अन्य सिर्जनात्मक कार्यका लाीग अभिप्रेरित गर्ने
- विद्यालयल वा विषय शिक्षकले तोकिदिएका गृहकार्य वा परियोजना कार्यका लागि आवश्यक सहयोग गर्ने
- विद्यार्थीको दैनिक गतिविधिमा निगरानी राख्ने र आवश्यकताअनुसार परामर्श दिने

(ङ) **विद्यार्थीको भूमिका**

- आफूले पढ्नुपर्ने पाठ्यपुस्तक भर्ना भएको विद्यालयबाट बुझिलिने
- आफ्नो कक्षा शिक्षक सँग सम्पर्क गर्ने
- दैनिक कार्यतालिका (daily routine) बनाउने र दैनिक अध्ययनका लागि समय मिलाउने
- घरमा उपलब्ध भएमा मोबाइल, कम्प्युटर पनि अध्ययनका लागि प्रयोग गर्ने
- विद्यालयले दिएको सुझावअनुसार आफुलाई उपयुक्त हुने सिकाइका माध्यमबाट समय मिलाएर वैकल्पिक माध्यमको रूपमा प्रयोग गरी सिकाइलाई निरन्तरता दिने

## ८. अनुगमन संयन्त्र

(क) स्थानीय तहले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा प्रधानाध्यापक र अभिभावक रहने गरी तीन सदस्यीय अनुगमन समिति निर्माण गरी शिक्षकले तोकिएबमोजिमको काम गरेनगरेको, विद्यार्थीसँग विद्यालयले नियमित सम्पर्क गरेनगरेको, गृहकार्य, परियोजना कार्य आदि दिई परीक्षण गरेनगरेको, विद्यार्थीको अवस्थाको बारेमा रिपोर्टिङ गरेनगरेको र पाठ्यपुस्तक, अभ्यास पुस्तकलगायतका सामग्री पुगेनपुगेको र तोकिएअनुसार विद्यार्थी मूल्याङ्कन गरी मूल्याङ्कनका साधन सुरक्षित राखेनराखेको अनुगमन गरी स्थानीय तहको प्रमुखलाई प्रतिवेदन बुझाउने

(ख) स्थानीय तहले शिक्षा हेर्ने अधिकारीको संयोजकत्वमा शिक्षक महासङ्घको प्रतिनिधि, अभिभावकको प्रतिनिधि र वरिष्ठ प्रधानाध्यापकको समिति बनाई विद्यालयले तोकिएको कार्य गरेनगरेको, विद्यार्थी सिकाइको अवसर बाहिर रहेनरहेको, पाठ्यपुस्तक तथा अन्य सामग्री पुगेनपुनेको र स्थानीय तहले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा गठित अनुगमन समितिले आफ्नो कार्य सम्पन्न गरेनगरेको अनुगमन गरी आवश्यक व्यवस्थापन गर्ने